पूर्णाङ्क ५१ चौमासिक
२०७६

# प्राज्ञिक संसार

सङ्गीत-नाट्य बुलेटिन
Academia
Music-Drama Bulletin
www.namuda.org.np

## राष्ट्रिय प्रज्ञा-पुरस्कार समर्पण





राष्ट्रिय नाटक महोत्सव



शास्त्रीय सङ्गीत उत्सव



नृत्य महोत्सव

# सम्पादकीय

## सम्पादकीय

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले आफ्ना नियमित गतिविधिको जानकारी दिने उद्देश्यले प्रकाशित बुलेटिन 'प्राज्ञिक संसार'को यो पूर्णाङ्क १५ प्रकाशन गर्न पाउँदा गौरवको अनुभूति गरेका छौं । सांस्कृतिक रूपमा धनी मुलुक नेपालको मौलिक संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्दै लोपोन्मुख संस्कृतिको अनुसन्धान कार्यलाई अगाडि बढाई अन्तर्राष्ट्रिय क्षेत्रसम्म फैलाउनु यस प्रतिष्ठानको उद्देश्य हो । यसै उद्देश्यलाई कार्यान्वयन गर्दै यस प्रतिष्ठानले नेपाली नाटक, सङ्गीत र नृत्यको क्षेत्रमा भएका विविध कार्यक्रमको जानकारी यस बुलेटिनमार्फत् पस्केका छौं ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको आयोजनामा काठमाडौंमा नाटक महोत्सव, नृत्य महोत्सव, शास्त्रीय सङ्गीत उत्सव र सुदूर पश्चिम प्रदेशको राजधानी धनगढीमा सङ्गीत महोत्सव सम्पन्न भएका छन् । यस्ता कार्यक्रमहरूमा विविध क्षेत्रका मौलिक नाटक, सङ्गीत र नृत्य प्रदर्शनका साथै परस्पर संस्कृतिको सिर्जनात्मक आदानप्रदानसमेत भएको छ । नेपालको बहुजातीय संस्कृतिभित्रका जातीय संस्कृति र कलाको प्रस्तुतिले सङ्गीत, नाट्य र नृत्य क्षेत्रको विकासका साथै सांस्कृतिक मूल्य र मान्यतालाई स्थानान्तरण गर्ने र संस्कृतिको विविध शिल्प, शैली, प्रविधि र दर्शन विधिलाई विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । अझै यस्ता संस्कृतिलाई उन्नत र परिस्कृत ढङ्गले अगाडि बढाउन प्रज्ञा–प्रतिष्ठान लागी नै रहेको छ ।

यस प्रतिष्ठानद्वारा राष्ट्रपति विद्या भण्डारीद्वारा सङ्गीत नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ सङ्गीत र कलाका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका ६ जना स्रष्टाहरूलाई प्रदान गरियो । त्यस्तै स्टाफ नोटेसन तालिम (इटहरी), 'सारङ्गीमा देश' सामूहिक वाद्यवृन्द पूर्वदेखि पश्चिमसम्मका मौलिक नेपाली धूनहरूको प्रस्तुति, लोकनाटक उत्सव, नाटक लेखन प्रशिक्षण आदि कार्यक्रमहरू पनि सफलतापूर्वक सम्पन्न भएका छन् । निश्चय नै यस्ता प्रस्तुतिले नेपालका लोपोन्मुख संस्कृतिको उत्थान र संरक्षणको कार्यलाई टेवा पुगेको अनुभव गरिएको छ ।

यस प्रतिष्ठानले सीमित साधन, स्रोत र अनेकौं कठिनाइहरूका बाबजुद पनि धेरै महत्त्वपूर्ण ऐतिहासिक कामहरू सम्पन्न गर्न सफल भएको छ । आगामी दिनहरूमा यस प्रतिष्ठानले नयाँ गतिका साथ सिर्जनात्मक कार्यहरूलाई अगाडि बढाउने योजना तय गरेको छ । प्रतिष्ठानको यस कार्यमा सहयोग पुऱ्याउने सबैलाई हार्दिक धन्यवाद् दिन चाहन्छौं । सम्बन्धित सङ्घ, संस्था र विद्वत्जनबाट आगामी दिनमा अमूल्य सल्लाह र मार्ग निर्देशनको पनि अपेक्षा गर्दछौं ।

# विषय-सूची


| | |
|---|---|
| राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७५ समर्पण | ३ |
| राष्ट्रिय नाटक महोत्सव | ९ |
| नृत्य महोत्सव | १७ |
| शास्त्रीय सङ्गीत उत्सव | २० |
| सामूहिक वाद्यवृन्द सारङ्गीमा देश सम्पन्न | २३ |
| एक महिने स्टाफ नोटेसन तालिम | २५ |
| अमुर्त सांस्कृतिक सम्पदा दिवस मनाइयो | २६ |
| धनगढीमा पहिलोपल्ट सङ्गीत महोत्सव | २७ |
| नेपाली सङ्गीत : दशा र दिशा विषयक छलफल | २९ |
| गीतले समाजमा पार्ने असर विचार गोष्ठी | ३१ |
| नेपाली सङ्गीत : समस्या र चुनौती विचार गोष्ठी | ३२ |
| वरिष्ठ चरित्र अभिनेत्री सुभद्रा अधिकारीको निधन | ३९ |

...साथमा प्राज्ञिक गतिविधि

# सम्माननीय राष्ट्रपतिद्वारा
# राष्ट्रिय प्रज्ञा–पुरस्कार–२०७५ समर्पण
## वरिष्ठ ६ साधक सम्मानित



## 'समृद्ध नेपाल सुखी नेपाली' राष्ट्रिय सङ्कल्प साकार तुल्याउन सर्जकहरूलाई आआफ्नो ठाउँबाट योगदान दिन राष्ट्रपतिको आग्रह

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले विगत्का वर्षहरू झैं यस वर्ष पनि नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार–२०७५ सङ्गीत तथा नाट्य विधाका ६ जना वरिष्ठ साधकहरूलाई समर्पण गरेको छ । २०७६ असार २५ गते बुधबार राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित एक भव्य समारोहबीच सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले पुरस्कार समर्पण गर्नु भएको हो ।

यस वर्ष राष्ट्रिय प्रज्ञा–पुरस्कारबाट सम्मानित हुनुहुनेमा नाट्यविधामा अग्रज नाटककार तथा निर्देशक श्यामदास वैष्णव, गायन तथा सङ्गीत विधामा प्रेमध्वज प्रधान, परम्परागत तथा शास्त्रीय सङ्गीत विधामा जगदेव कामत, रङ्गमञ्च (अभिनय) विधामा ओममणि शर्मा, नृत्य विधामा हनी श्रेष्ठ र लोकसङ्गीत विधामा प्रेमदेव गिरी हुनुहुन्छ । राष्ट्रपति भण्डारीले पुरस्कृत व्यक्तित्वहरूलाई जनही १ लाख १ रूपैया र ताम्रपत्रद्वारा सम्मान गर्नु भएको हो ।

समारोहलाई सम्बोधन गर्नु हुँदै राष्ट्रपति भण्डारीले सम्मानित व्यक्तित्वहरूलाई बधाइ दिनु हुँदै नेपाललाई विश्वसामु चिनाउने विधा साहित्य, सङ्गीत र कला नै भएको बताउनुभयो । समृद्ध नेपाल सुखी नेपाली बनाउने यात्रामा मुलुक अग्रसर भइरहेको स्मरण गराउनुहुँदै उहाँले मानव जीवनलाई सुखी र खुशी तुल्याउन भौतिक विकास र सुस्त मानसिकताको अतिरिक्त कला, साहित्य र संस्कृतिको विकास समेत उत्तिकै आवश्यक पर्ने भएकाले सम्बन्धित निकायले यसमा यथोचित ध्यान दिनुपर्ने बताउनुभयो, "समृद्ध नेपाल बनाउने राष्ट्रिय सङ्कल्पलाई साकार तुल्याउन सम्पूर्ण सर्जकहरूलाई आआफ्नो ठाउँबाट योगदान पुऱ्याउन म हार्दिक आग्रह गर्न चाहन्छु ।"

उहाँले प्रदर्शन कलाको रूपमा रहेका सङ्गीत तथा नाट्य विधाको संरक्षण,

*नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठाद्वारा यही मिति २०७६ असार २५ गते बुधबार राष्ट्रपतिको कार्यालय, शीतल निवासमा आयोजित नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार–२०७५ समर्पण समारोहलाई प्रमुखअतिथि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले सम्बोधन गर्नु भएको सम्पादित पाठ ।*



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति
वाङ्मय शताब्दि पुरूष सत्यमोहन जोशी ज्यू
प्राज्ञगण, पुरस्कृत व्यक्तित्वहरू
राष्ट्रसेवकहरू, भद्र महिला तथा सज्जनवृन्द

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार २०७५ समर्पण समारोह आयोजना गरेकोमा धन्यवाद् दिँदै म पुरस्कृत हुनुहुने सम्पूर्ण व्यक्तित्वहरूलाई हार्दिक बधाइ दिन चाहन्छु ।

नेपाल सांस्कृतिक विविधताबीच प्राकृतिक वैभव र सुन्दरताले सम्पन्न देश हो । विश्वप्रसिद्ध सम्पदाहरूले सुशोभित यो मुलुक साहित्य, सङ्गीत तथा कला सृजनाको लागि उर्वर भूमि समेत हो । हाम्रो देशका मौलिक, सांस्कृतिक सम्पदा एवं प्राकृतिक धरोहरहरूलाई विश्वसामु चिनाउन साहित्यसृजना एउटा महत्त्वपूर्ण माध्यम हो । साहित्य र कलाका विभिन्न फाँटमा संलग्न प्रतिभाहरू र सर्जकहरूलाई उत्साहित गर्न सम्बद्ध पक्ष सबै अग्रसर हुनुपर्दछ । प्रदर्शन कलाको रूपमा रहेका सङ्गीत तथा नाट्य विधाको संरक्षण, संवर्द्धन एवं सर्वाङ्गीण विकासका लागि यस क्षेत्रका प्रतिभाहरूको सम्मान र कदर गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले निर्वाह गरेको भूमिकाको म प्रशंसा गर्दै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु । यस प्रज्ञा–प्रतिष्ठानले सङ्गीत र नाट्य सम्बन्धी महोत्सव, गोष्ठी र अन्वेषणात्मक कार्य गरिरहेकोमा सरहना गर्दै यस्ता रचनात्मक क्रियाकलापहरूलाई प्रभावकारिता दिलाउन भविष्यमा सम्बद्ध पक्षलाई अझ बढी सफलता मिलोस् भनी शुभेच्छा प्रकट गर्न चाहन्छु ।

नेपाली सङ्गीत तथा नाट्य फाँटका सर्जक, साहित्यकार तथा कलाकार क्रमशः अन्तर्राष्ट्रिय जगत्मा आफ्नो सृजना प्रस्तुत गर्न सफल हुँदै जानु भएकोमा म खुशी प्रकट गर्न चाहन्छु । यस प्रकारका साहित्यिक गतिविधिलाई उत्साहित गर्न सम्बन्धित निकायले अवश्य पनि ध्यान पुऱ्याउने मैले विश्वास लिएको छु । कला तथा साहित्यको समृद्धिका लागि नव प्रतिभाहरूको खोजी, उपयुक्त अवसरहरूको सिर्जना तथा प्रोत्साहन गर्न सम्बन्धित सबै प्रतिष्ठानहरू अग्रसर हुनुपर्ने पनि खाँचो मैले महशुस गरेको छु ।

हाम्रो समृद्ध सभ्यता एवं अमूल्य नीधिका रूपमा रहेका लोक साहित्य तथा संस्कृति, मौलिक शास्त्रीय सङ्गीतको प्रवर्द्धनमा सर्जकहरूले विशेष ध्यान पुऱ्याउनुपर्ने कुरामा सम्बन्धित सबै पक्षको ध्यान पुगेकै होला । हाम्रा गौरवशाली सृजनाहरूको संरक्षण तथा संवर्द्धनका लागि नाचघर, नाट्यशाला, डबली, सांस्कृतिक केन्द्र तथा बाजागाजाहरूको तालिम तथा प्रशिक्षणसहित सुदृढ पूर्वाधार विकासमा पनि सम्बद्ध पक्षले ध्यान पुऱ्याउने मैले अपेक्षा लिएको छु ।

सूचना प्रविधिको तीब्र विकास भएसँगै सङ्गीत तथा नाट्यका सम्बन्धित निकायले समय सापेक्ष यस्ता आधुनिक प्रविधिको प्रयोगमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । मौलिक सृजनाहरूले मनोरञ्जनात्मकको अतिरिक्त सामाजिक चेतना र जागरण अभिवृद्धि गर्न प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने भएकाले सङ्गीत तथा नट्य विधाको विकासका लागि संवद्ध पक्षले ध्यान पुऱ्याउनु पर्ने कुरामा पनि म जोड दिन चाहन्छु । विद्यालय तहदेखि नै सङ्गीत तथा नाट्य विधालाई रचनात्मक क्रियाकलापको एउटा विधा बनाउन सके विद्यार्थीको बौद्धिक विकास तथा कला प्रष्फुटनमा उपयुक्त आधार बनाउन मद्दत पुग्ने पनि मैले महसुस गरेको छु । सङ्गीत तथा नाट्य क्षेत्रमा प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट सृजनालाई प्रोत्साहित गर्न सके सृजना अभिवृद्धि हुनेमा ठूलो मद्दत पुग्ने छ । नेपाली साहित्यका उत्कृष्ट कृतिहरूलाई नेपाली समाजमा प्रचलित राष्ट्रिय भाषाका अतिरिक्त अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी विश्वसामु पस्कन सकेमा हाम्रो कृतिहरूले विश्वव्यापी रूपमा स्थान हासील गर्न सक्ने भएकाले यस बारेमा पनि ध्यान पुग्ने मैले अपेक्षा लिएको छु ।

हामी समृद्ध नेपाल सुखी नेपाली बनाउने यात्रामा अग्रसर भइरहेका छौं । मानव जीवनलाई सुखी र खुशी तुल्याउन भौतिक विकास र सुस्त मानसिकताको अतिरिक्त कला, साहित्य र संस्कृतिको विकास समेत उत्तिकै आवश्यक पर्ने भएकाले सम्बन्धित निकायले यसमा यथोचित ध्यान दिनुपर्ने कुरा पनि म यहाँ स्मरण गराउन चाहन्छु । समृद्ध नेपाल बनाउने राष्ट्रिय सङ्कल्पलाई साकार तुल्याउन सम्पूर्ण सर्जकहरूलाई आआफ्नो ठाउँबाट योगदान पुऱ्याउन पनि म हार्दिक आग्रह गर्न चाहन्छु ।

अन्तमा, नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कारद्वारा आज सम्मानित हुनुहुने प्रतिभाहरूलाई म हार्दिक बधाइ दिँदै साहित्य, कला र सङ्गीतको क्षेत्रमा तपाइँहरूले पुऱ्याउनु भएको महत्त्वपूर्ण योगदानको उच्च सम्मान र मूल्याङ्कन गर्न चाहन्छु । साथै यहाँहरूको उच्च मूल्याङ्कन र कदर गर्दै यहाँहरूको निरन्तरताको लागि सुस्वास्थ्य र दीर्घायुको पनि कामना गर्न चाहन्छु ।

# पुरस्कार चयन मापदण्ड

प्रज्ञा–प्रतिष्ठानले ४ वर्षदेखि सङ्गीत तथा नाट्यसँग सम्बन्धित विभिन्न ६ विधा नाटक, रङ्गमञ्च (अभिनय), गायन तथा सङ्गीत, नृत्य, लोकसङ्गीत, र परम्परागत तथा शास्त्रीय विधाका एक एक स्रष्टालाई सालिन्दा पुरस्कृत गर्दै आएको छ । प्रज्ञाप्रतिष्ठानमा यिनै विधासँग सम्बन्धित छ वटा विभाग रहेका हुन्छन् जसको प्रमुखमा प्राज्ञपरिषद् सदस्यहरू रहने गर्छन् ।

पुरस्कार चयनको शुरूमा सम्बन्धित विभाग प्रमुख संयोजक र त्यस विधाका विज्ञ दुई जना रहकेको चयन समितिले आ–आफ्ना विधाबाट सम्भावित पुरस्कृत व्यक्तिहरूको नामावली पुरस्कार संयोजन समितिलाई सिफारिस गर्ने गर्दछ । संयोजन समितिमा प्रज्ञा–प्रतिष्ठानका उपकुलपति संयोजक र सदस्यसचिव तथा सङ्गीत तथा नाट्यविधाका विज्ञ ३ जना सदस्य रहने प्रावधान छ । यसरी सम्बन्धित विभागहरूले सिफारिस गरेको नामावलीलाई निर्णयार्थ प्राज्ञपरिषद्मा पेश गरी प्राज्ञपरिषद् वैठकले अन्तिम टुङ्गो लगाउने गर्दछ ।

संवर्द्धन एवं सर्वाङ्गीण विकासका लागि यस क्षेत्रका प्रतिभाहरूको सम्मान र कदर गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले निर्वाह गरेको भूमिकाको समेत प्रशंसा गर्नुभयो । कला तथा साहित्यको समृद्धिका लागि नव प्रतिभाहरूको खोजी, उपयुक्त अवसरहरूको सिर्जना तथा प्रोत्साहन, गौरवशाली सृजनाहरूको संरक्षण तथा संवर्द्धनका लागि नाचघर, नाट्यशाला, डबली, सांस्कृतिक केन्द्र तथा बाजागाजाहरूको तालिम तथा प्रशिक्षणसहित सुदृढ पूर्वाधार विकासमा पनि सम्बद्ध पक्षले ध्यान पुऱ्याउनु पर्ने उहाँको जोड थियो । विद्यालय तहदेखि नै सङ्गीत तथा नाट्य विधालाई रचनात्मक क्रियाकलापको एउटा विधा बनाउन सके विद्यार्थीको बौद्धिक विकास तथा कला प्रष्फुटनमा उपयुक्त आधार बनाउन मद्दत पुग्ने भएकाले यस क्षेत्रमा प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट सृजनालाई प्रोत्साहित गर्ने परम्पराको थालनी गर्न समेत उहाँले आग्रह गर्नुभयो ।

समारोहमा शताब्दी वाङ्मय पुरुष सत्यमोहन जोशी विशिष्ट अतिथिको रूपमा रहनुभएको थियो । प्रज्ञा–प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले मन्तव्यद्वारा स्वागत गर्नु भएको थियो भने पुरस्कृत व्यक्तित्वहरूबारे प्राज्ञपरिषद् सदस्यहरू अशोककुमार राई, धीरेन्द्र प्रेमर्षि, नमुना शर्मा देवकोटा, निशा शर्मा पोखरेल, मेघराज शर्मा मञ्जुल, र हरिदेवी कोइरालाले प्रकाश पार्नु भएको थियो ।

प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले सञ्चालन गर्नु भएको समारोह अन्तमा प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रमुखअतिथि सम्माननीय राष्ट्रपति, विशेष अतिथि माननीय राज्यमन्त्री, पुरस्कृत व्यक्तित्व, प्राज्ञपरिषद् सदस्यहरू र अतिथिका रूपमा उपस्थित सम्पूर्णमा एकमुष्ट धन्यवाद् मन्तव्य दिनु भएपछि औपचारिक रूपमा समापन भएको थियो ।

## नाट्यविधातर्फ सम्मानित

# वरिष्ठ नाट्यकर्मी श्री श्यामदास वैष्णव



नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ बाट नाट्यतर्फ पुरस्कृत वरिष्ठ नाटककार तथा निर्देशक श्री श्यामदास वैष्णवको जन्म बुबा कृष्णदास वैष्णव र आमा दूर्गाकुमारी वैष्णवको कोखबाट **वि.सं.** १९८१ साल श्रावण कृष्ण सप्तमीमा लाजिम्पाट काठमाडौँमा भएको हो । उहाँको नाट्ययात्रा वि.सं. २००७ सालपछि स्थापना भएको रेडियो नेपालबाट शुरू भएको थियो ।

रेडियो नेपालमा १८ वर्ष सेवारत रहँदा उहाँले दर्जनौं रेडियो नाटकहरू लेखन तथा निर्देशन गर्नुभयो । त्यसताका विजय मल्ल र गोविन्द गोठालेका नाटकहरु निर्देशन गर्नु भएकोमा उहाँलाई विशेष सम्झिने गरिन्छ । उहाँका 'केही गीति नाटक', 'केही लघुनाटक', 'दृश्य-सौगात' नाटक सङ्ग्रह, शैक्षिक नाटक- २०६३ प्रकाशित छन् । नाटक विधासँगै गीत, कविता र कथा विधामा पनि कलम चलाउनु हुने उहाँका रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट विभिन्न गीत/राष्ट्रिय गीत तथा भजन प्रसारित हुँदै आएका छन् । उहाँका 'श्यामदास वैष्णवका बालकथाहरु- २०६८' र 'रातको आँसु', 'अन्तर्ध्वनि', 'पतकर', 'उपहार' (अंग्रेजीमा रुपान्तरित (द प्रिजेन्ट) महाकवि देवकोटाबाट), र 'नयाँ लहर' कविता सङ्ग्रह प्रकाशित छन् ।

उहाँले नेपाल टेलिभिजनबाट प्रसारित टेलि-चलचित्र 'डोको', 'सत-असत',

'सत्यको महत्त्व' र 'इज्जत कि बेइज्जत'मा प्रमुख भूमिका निर्वाह गर्नु भएको छ । रेडियो नेपालको मुखपत्र 'झङ्कार'को संस्थापक, 'आवाज' दैनिक पत्रिकाको सहसम्पादक र 'हाम्रो संस्कृति' पत्रिकाको सम्पादक समेत रही उहाँले पत्रकारिता क्षेत्रमा समेत उल्लेख्य योगदान पुऱ्याउनु भएको छ । यो सँगै विभिन्न समयमा साझा प्रकाशन, नेपाल टेलिभिजन र नेपाल प्रज्ञा–प्रतिष्ठानमा समेत संलग्न भई उहाँले महत्त्वपूर्ण कार्यहरू गर्नुभयो । उहाँ एक दर्जन बढी राष्ट्रिय सम्मान र पुरस्कारद्वारा सम्मानित भइसक्नु भएको छ ।

## सङ्गीत विधातर्फ सम्मानित

# वरिष्ठ गायक तथा सङ्गीतकार श्री प्रेमध्वज प्रधान



सङ्गीत विधातर्फ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ ले सम्मानित वरिष्ठ गायक तथा सङ्गीतकार श्री प्रेमध्वज प्रधानको जन्म बुबा रत्नध्वज प्रधान र आमा प्राणदेवी प्रधानको कोखबाट १९९५ जेष्ठ २४ चौतारा सिन्धुपाल्चोकमा भएको हो । उहाँले २००९ सालदेखि रेडियो नेपालबाट औपचारिक गायन यात्रा शुरू गर्नु भएको थियो ।

वाद्य शिरोमणि गणेशलाल श्रेष्ठसँग २०१० सालमा शास्त्रीय सङ्गीतको औपचारिक अध्ययन तथा सन् १९६९ देखि १९७० सम्म सङ्गीतकार जयदेवबाट बम्बैमा सुगमसङ्गीतको अध्ययन गर्नु भएको उहाँले नेपाली सुगम सङ्गीतमा गायन र सङ्गीतमार्फत् महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । उहाँका स्वरमा आधुनिक गीत, राष्ट्रिय गीत, लोक गीत र भजन गरेर सात सय बढी गीतहरू रेकर्ड भएका छन् भने दर्जनौं गीतहरू श्रोतामाझ अत्यन्त लोकप्रियसमेत छन् । सर्वप्रथम २०२३ सालमा चलचित्र 'माइतीघर' सँगै अन्य चलचित्रमा पनि पार्श्व गायन गर्नु भएको उहाँ नेपाल भाषामा डिस्क रेकर्ड गर्ने सेतुरामपछिको दोश्रो व्यक्ति समेत हुनुहुन्छ । २०२१ सालमा रेडियो नेपालबाट सर्वोत्तम साधक गायकमा पुरस्कृत उहाँ आफ्नो पाँच दसक लामो साङ्गीतिक यात्राका क्रममा स्वदेश तथा विदेशका विभिन्न सङ्घसंस्थाबाट दर्जनौं सम्मान र पुरस्कारले सम्मानित भइसक्नु भएको छ ।

## परम्परागत तथा शास्त्रीय सङ्गीत विधातर्फ सम्मानित

# वरिष्ठ सङ्गीत साधक श्री जगदेव कामत



परम्परागत तथा शास्त्रीय सङ्गीत विधातर्फ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ ले सम्मानित वरिष्ठ सङ्गीत साधक श्री जगदेव कामतको जन्म २००१ साल जेठ १० गते सिरहा जिल्ला, पोखरभिण्डा गाउँमा बुवा रामजी कामत र आमा बौआबती देवी कामतको कोखमा भएको थियो । सानैदेखि सङ्गीतमा अभिरूचि राख्ने उहाँको यस क्षेत्रमा औपचारिक प्रवेश २०१० सालमा भएको थियो । नौ वर्षको कलिलो उमेरमै उहाँ लोकप्रिय 'गबैया' तथा 'हारमोनियम-मास्टर' का रूपमा स्थापित र सुपरिचित हुनुभयो । ध्रुपद् गायनका लागि सिङ्गो भारतवर्षमै प्रसिद्धिप्राप्त अमता (दरभङ्गा) घरानाका शिष्य वृजदेवबाट शास्त्रीय सङ्गीत सिक्ने अवसर पाएपछि उहाँको जीवनचर्या गायन तथा वाद्यवादन हुन गयो । यस क्रममा उहाँको नाटक/नाच/रामलीला टोली जहाँ-जहाँ पुग्थ्यो, ती-ती ठाउँका वा वरपरका गुणी सङ्गीतज्ञको सहाचर्य प्राप्त गर्ने र सङ्गीत सिक्ने मौका पनि पाउनु भयो । यही साङ्गीतिक तिर्खा र अभ्यासले निरन्तर खार्दै लगेको उहाँले प्रयाग सङ्गीत समिति, इलाहावाद, यूपी, भारतबाट 'सङ्गीत विशारद' समेत गर्नुभयो ।

साङ्गीतिक यात्राका क्रममा अहिलेका कतिपय राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कलाकारलाई उहाँले प्रत्यक्ष/परोक्ष सङ्गीत सिकाउने काम गर्नुभयो । तीमध्ये भाइ गुरुदेव कामत (हालका प्रसिद्ध शास्त्रीय

सङ्गीत गायक तथा प्रशिक्षक) को त औपचारिक गुरू नै उहाँ हुनुभयो भने लोकप्रिय गायक/अभिनेता मुरलीधर पनि उहाँबाट आफूले यथेष्ट लाभान्वित हुने मौका पाएको बताउनुहुन्छ । मुरलीधरका अनुसार ग्रामीण मञ्चमा गाउँदा ताका हारमोनियम-वादनमा उहाँजतिको दक्ष कलाकार नेपालको तराई-मधेशमा मात्र नभई वरपरको भारतीय क्षेत्रमा पनि पाउन मुश्किल थियो । गुरूदेव कामतका अनुसार उहाँ विलम्बित, बडा खयाल जस्ता दुरूह प्रकृतिका गायनमा पनि सिद्धहस्त हुनुहुन्थ्यो ।

प्रारम्भमा वरपरका भारतीय शहरमा सङ्गीत-शिक्षण गर्दै आउनुभएका उहाँ पछि भाइको अनुरोधमा काठमाडौँ आएर सङ्गीत सिकाउने काममा लाग्नुभयो । तर घरायसी जिम्मेवारीले गाउँभन्दा धेरै टाढा बस्न अनुकूल नभएपछि उहाँले आफ्नो कर्मथलो घरपायक ठाउँ उदयपुर जिल्लाको गाइघाटलाई बनाउनुभयो । गाइघाटमै सक्रिय रहँदा उहाँ पक्षाघातले पीडित हुनुभयो । यसरी हाल साङ्गीतिक यात्रामा विराम लाग्नुका साथै आर्थिक सङ्कटबाट हाँले जुध्नु परिरहेको छ । उहाँको यात्रा रोकिए पनि उहाँबाट प्रशिक्षित र प्रभावित कतिपय प्रतिभाले निरन्तर सङ्गीतको उज्यालो छर्दै देश/समाजलाई आलोकित पारी रहेका छन् ।



## रङ्गमञ्च विधातर्फ सम्मानित

# वरिष्ठ रङ्गकर्मी श्री ओममणि शर्मा

रङ्गमञ्च विधातर्फ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ ले सम्मानित वरिष्ठ रङ्गकर्मी श्री ओममणि शर्माको जन्म बुबा गोपालमणि शर्मा र आमा पातली शर्माको कोखबाट वि.सं. २००१ असोज २२ गते भीमफेदी, मकवानपुरमा भएको हो । एम.ए. बी. एल.सम्म औपचारिक शिक्षा पूरा गर्नु भएको उहाँ विद्यालयकालदेखि नै अभिनय क्षेत्रमा लाग्नु भएको थियो । यस क्रममा विभिन्न देशबाट अभिनयमा तालिम समेत लिने अवसर समेत पाउनु भयो । २०३६ सालमा सर्वनाम थिएटर काठमाडौँको संस्थापक सदस्य उहाँ हाल यस थिएटरको सह–निर्देशकको भूमिकामा सक्रिय हुनुहुन्छ ।

नाटक, सडक नाटक, चलचित्र र लघुचलचित्रमा जीवन्त अभिनयले उहाँ दर्शकमाझ सुपरिचित हुनुहुन्छ । उहाँले 'मरूभूमिका लेखक', 'मुकुन्द इन्दिरा', 'सडकदेखि सडकसम्म', 'नाटकहरूको नाटक', 'यातनामा छटपटाएकाहरु, 'सम्पता असम्पता', 'तुँवालोले ढाकेको बस्ती' लगायत सयौँ नाटकमा अभिनय गर्नु भएको छ भने 'त्यो लङ्गडी केटी', 'हामी', 'पागल', 'म पनि देवता माग्छु' आदि चर्चित कवितालाई पनि अभिनयमा निभाउनु भएको छ । त्यसै गरी टेलीफिल्म 'भाइटिका', 'अनुत्तर', 'एक रात', 'प्रधित', '१३ वर्ष', 'आवेश', 'पलाखवा' (नेवारी भाषामा), 'सिंहदरबार' र चलचित्र 'चेलिबेटी' र 'गोधुली'मा पनि उहाँको अभिनय पाउन सकिन्छ ।

सुरूवातदेखि नैं थुप्रै सडक नाटकका लागि अभिनय र विभिन्न स्थानमा नाटकसम्बन्धी तालिम समेत दिँदै आउनु भएको उहाँ व्यङ्ग्यात्मक अभिनयका लागि गाइजात्रे भिजन र एम पि अर्वाड लगायत सयौं पुरस्कारले सम्मानित भइसक्नु भएको छ ।



## नृत्य विधातर्फ सम्मानित

# वरिष्ठ नृत्याङ्गना श्री हनी श्रेष्ठ

नृत्य विधातर्फ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ ले सम्मानित वरिष्ठ नृत्याङ्गना श्री हनी श्रेष्ठको जन्म वि.सं. २००४ जेठ २६ गते काठमाडौंमा आमा कल्याणी देवी जोशी र बुबा डा. सत्यबहादुर जोशीबाट भएको थियो । ई.सं. १९८६ मा प्रयाग सङ्गीत समिति, इलाहबाद, भारतबाट प्रथम श्रेणीमा प्रथम भई कथक नृत्यमा स्वर्ण पदक प्राप्त उहाँ महाराजा सयजिराव विश्वविद्यालय, बरोडाबाट कथक नृत्यमा स्नातक हुनुहुन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा कथक, चर्या, ब्याले र लोकनृत्य प्रस्तुत गरी जति चर्चा कमाउनुभयो । उहाँले नृत्य विधालाई प्रदर्शनसँगै प्राज्ञिक रूपमा माथि उठाउन पनि त्यतिकै योगदान पुर्‍याउनु भएको छ । विभिन्न स्कुलमा नृत्य शिक्षिका हुँदै उहाँ सन् १९८२ देखि पद्मकन्या बहुमुखी क्याम्पसमा कथक नृत्यमा प्राध्यापनको लागि नियुक्त हुनुभयो । सन् २००७ मा यसै विधामार्फत् प्राध्यापक हुनु भएको उहाँ नेपाल सरकारका विभिन्न निकाय, विद्यालय शिक्षादेखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रम निर्माण, प्रशिक्षक प्रशिक्षण, प्राध्यापन, पुस्तक लेखन तथा विभिन्न विषयगत समितिहरूमा रही नृत्य विधा प्रवर्द्धनमा निरन्तर क्रियाशील हुनुहुन्छ ।



लोकसङ्गीत विधातर्फ सम्मानित

# वरिष्ठ लोकगीत सङ्कलक तथा वाद्यवादक श्री प्रेमदेव गिरी

लोकसङ्गीत विधातर्फ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार २०७५ ले सम्मानित वरिष्ठ लोकगीत सङ्कलक तथा वाद्यवादक श्री प्रेमदेव गिरीको जन्म वि.सं. २०१० माघ १० वीरेन्द्रनगर न.पा. ३, सुर्खेतमा आमा लीला गिरी र बुबा हरिलाल गिरीबाट भएको हो । उहाँ लोकगीत सङ्कलन, वाद्यवादन र अभिनय विधामा वि.सं. २०२५ सालदेखि हालसम्मै निरन्तर क्रियाशील हुनुहुन्छ ।

उहाँले १०० वटाजति लोकगीत सङ्कलन गर्नु भएको छ । उहाँको सङ्कलन रहेका लोकगीत अग्रज कलाकार गणेश रसिक, उर्मिला श्रेष्ठ, कुमार बस्नेत, राम थापा, हिरण्य भोजपुरे, ज्ञानु राणा, गङ्गा राणा, प्रवीण गुरूङ, लोचन भट्टराई, लोकबहादुर क्षेत्री लगायत दर्जनौं ख्यातिप्राप्त कलाकारहरूको स्वरमा रेकर्ड भएका छन् । तीमध्ये केही चर्चित लोकगीतमा 'सुर्खेतमा सालिना', 'सरर मलेवा', 'जाउँ माया बुलबुले', 'ढाका टोपी....', 'छ्याम...' आदि हुन् । त्यसै गरी गायक सङ्गीत श्रोता र अञ्जान बाबुको स्वर रहेको बाढीपहिरोसम्बन्धी चर्चित लोकगीत 'चरी लैजा समाचार..' बोलको म्युजिक भिडियोमा रहेको उहाँको अभिनय समेत अत्यन्त लोकप्रिय मानिन्छ ।

सांस्कृतिक संस्थानमा वि.सं. २०२९ देखि ०४१ सालसम्म र रेडियो नेपालमा वि.सं. २०४३ देखि ०४५ सालसम्म सेवा गर्नु भएको उहाँ हाल रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र सुर्खेतमा स्वयम्सेवकका रूपमा सेवारत हुनुहुन्छ ।

## समाचार

# शुभकामना आदानप्रदान





काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले नेपालीका विभिन्न चाडपर्वको उपलक्ष्यमा यही मिति २०७६ साल असोज १६ गते शुभकामना आदानप्रदान कार्यक्रम समपन्न गऱ्यो । प्रतिष्ठानले बडा दशैं, तिहार, छठ, नेपाल संवत्, म्हपूजा, किरात चाड आदि पर्वको सामूहिक अवसरमा कर्मचारी र पदाधिकारीबीच शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको हो ।

प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठले नेपाली सबै पर्वको अवसरमा शुभकामना दिनु हुँदै चाडपर्वले आपसी सामाजिक भ्रातृत्व र सद्भावको विकास गर्ने बताउनुभयो । उपकुलपति हरिहर शर्माले व्यक्ति, समाज यो कुनै पनि संस्थाले आफ्ना दूरगामी उद्देश्यलाई सघाउ पुग्ने गरी चाडपर्वहरू मनाउनु पर्ने बताउनुभयो । उहाँले प्रतिष्ठान आगामी दिनमा आफ्नै भौतिक पूर्वाधारले सम्पन्न भवनमा चाडपर्व मनाउन आतुर रहेको पनि बताउनुभयो ।

कार्यक्रममा प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिले नेपालका अधिकांश चाडको मौलिकता कृषि सभ्यतासँग गाँसिएको तर अहिले आएर धर्म, बजार, मिडिया आदिका कारण त्यो मौलिकता विकृत बन्दै गएको बताउनुभयो ।

कार्यक्रममा प्राज्ञपरिषद् सदस्यहरू धीरेन्द्र प्रेमर्षि, नमुना शर्मा, हरिदेवी कोइराला र कर्मचारीहरूले गजल, कविता र गीत समेत प्रस्तुत गरेका थिए । नेपाल कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले प्रतिष्ठान र कर्मचारीका हक र हितका लागि ध्यानाकर्षण गराउनु हुँदै शुभकामना मन्तव्य दिनु भएको थियो । कार्यक्रममा सम्पूर्ण प्रज्ञा–प्रतिष्ठान परिवारको उपस्थिति रहेको थियो । कार्यक्रम प्रज्ञा–प्रतिष्ठानका कर्मचारी सार्थक महराले सञ्चालन गर्नु भएको थियो ।





# राष्ट्रिय नाटक महोत्सव–२०७६ सम्पन्न

## सात दिनमा सात नाटक प्रदर्शन

### सातै प्रदेशबाट प्रतिनिधित्व गर्ने प्रयास

नेपाली नाट्य र रङ्गमञ्चको सर्वाङ्गिण विकासका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले सालैपिच्छे विभिन्न स्थानमा राष्ट्रिय नाटक महोत्सव आयोजना गर्दै आएको छ । बहुसांस्कृतिक, बहुजातीय नेपालको फरक फरक कथालाई नाट्यअभिनयका माध्यमले उजागर गर्दै आएको नाटक महोत्सवमा यसपल्ट सात वटै प्रदेशबाट नाटकहरू प्रतिनिधित्व गर्ने प्रयास गरिएको थियो । मुलुक सङ्घीय संरचनामा गइसकेको परिप्रेक्ष्यमा प्रत्येक प्रदेशलाई सकेसम्म प्राथमिकता राखी नाटक प्रदर्शन गर्ने प्रयास गरिएको हो । देशभरिका रङ्कर्मी र कला पारखीको सम्मिलन हुने एक भव्य अवसरको रूपमा प्रमाणित हुँदै आएको यस नाटक महोत्सव यो वर्ष यही मिति २०७६ असार २ गतेदेखि ८ गतेसम्म सर्वनाम थिएटर, कालिकास्थान काठमाडौंमा 'राष्ट्रिय नाटक महोत्सव–२०७६' नाममा सम्पन्न भएको हो ।

यस वर्षको महोत्सवबारे पूर्व जानकारी दिन प्रज्ञा-प्रतिष्ठानले सर्वनाम थिएटर, कालिकास्थानमा असार १ गते आइतबार बेलुका ५ बजे पत्रकार भेटघाट कार्यक्रमसमेत आयोजना गरेको थियो । पत्रकार सम्मेलनमा नाटक महोत्सवको आयोजना, सहभागी नाटक छनोट प्रक्रिया र मञ्चन गरिने नाटकबारे जानकारी प्रदान गरिएको थियो ।

महोत्सवलाई औपचारिक रूपमा असार २ गते सोमबारका दिन बेलुका ५ बजे भव्यताका साथ उद्घाटन गरिएको थियो । शिव ताण्डव गीतसहित सुरु भएको महोत्सवलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) र वरिष्ठ कवि तथा संस्कृतविद तुलसी दिवशले संयुक्त रूपमा पालामा दियो बालेर उद्घाटन गर्नु भएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्नु हुँदै कुलपति रायनले एक हप्तासम्म आयोजना हुने नाटक महोत्सवले नाट्य क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । कुलपति रायनले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले नयाँ ढङ्गले अगाडि बढ्न कोशिस गरेको पनि बताउनुभयो । उहाँले आफ्नो कार्यकालमा नयाँ र रचनात्मक काम गर्दै प्रतिष्ठानलाई नमुना प्रतिष्ठान बनाउने प्रतिवद्धता व्यक्त गर्नुभयो । वरिष्ठ संस्कृतिविद् तुलसी दिवसले प्रज्ञा–प्रतिष्ठानहरू प्राज्ञहरूको भीड जम्मा गर्ने थलो मात्र भएको बेला सङ्गीत नाट्य प्रज्ञा–प्रतिष्ठानले यस खालको रचनात्मक कार्य गर्नुले प्रतिष्ठान भविष्यको रेखा स्पष्ट पारेको बताउँदै आगामी कार्यक्रमको लागि शुभकामना दिनु भएको थियो ।

कार्यक्रममा प्रज्ञा–प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञ नमुना शर्मा, प्राज्ञ अशेष मल्ल, वरिष्ठ रङ्कर्मी सुनिल पोखरेल, डा. सावित्री मल्ल कक्षपति, रमण घिमिरे, प्राज्ञ धीरेन्द्र प्रेमर्षि, विप्लव प्रतीक, अनुप बराल लगायतका २०० जना रङ्कर्मीहरूको उपस्थिति रहेको थियो ।

## सात वटा नाटक मञ्चन

यस वर्षको महोत्सवमा नेपालका विभिन्न जात, जाति, भाषाभाषी, धर्म, सम्प्रदायका सकेसम्म ७ वटै प्रदेशलाई समेट्ने गरी ७ वटा परम्परागत, लोक र आधुनिक नाटकहरु प्रस्तुत गरिए । उद्घाटनको दिन कर्णाली प्रदेशको कर्णाली थिएटर, मुगुको प्रस्तुति रहेको 'पम्पा फूल' नाटक प्रस्तुत गरिएको थियो । कर्णाली प्रदेशमा प्रचलित दाइजोसम्बन्धी लोककथालाई नाट्य रूपान्तरण गरिएको यस नाटकलाई हिरा बिजुलीले निर्देशन गर्नु भएको हो ।

महोत्सवको दोश्रो दिन असार ३ गते बेलुका प्रदेश नं. १ को कलालय इटहरीको प्रस्तुति रहेको ईश्वरलाई चिठी नाटक प्रर्दशन गरिएको थियो । एक गरिब किसानलाई खडेरी परेपछि 'ईश्वरलाई चिठी' लेख्नुपर्ने बाध्यतामा पुग्ने भाव बोकेको यस नाटकलाई प्रज्ज्वल पराजुलीले निर्देशन गर्नु भएको हो ।

महोत्सवको तेस्रो दिन असार ४ गते गण्डकी प्रदेशका लागि मगर अध्ययन केन्द्र, स्याङजाको प्रस्तुति रहेको मगर भाषाको जीवैमामा लोकगीति नाटक प्रस्तुत गरिएको थियो । भीम मास्कीको निर्देशन रहेको यस गीतिनाटकमा मामाचेला विवाह गर्ने मगर समुदायको कथालाई गीत र नृत्यमार्फत् नाटकमा प्रस्तुत गरियो ।

त्यसै गरी क्षितिज नाट्य समूह, फिदिम, पाँचथरका कलाकारले महोत्सवको चौथो दिन असार ५ गते 'घरभित्रको अर्को घर' नाटक प्रदर्शन गरे । बढ्दो आधुनिकताले परिवार विखण्डनको कथा बोकेको यस नाटकलाई जीवन बरालले निर्देशन र भरत गुरागाईंले लेखन गरेका हुन् ।

पाँचौं दिन प्रदेश नं. ३, तरङ्ग सांस्कृतिक परिषद् हेटौंडाले 'अमरसिंहको खोजीमा' नाटक प्रस्तुत गरेको थियो । नेपाली गौरवगाथाका अमर नायक अमरसिंहको खोजी गरिएको यस नाटकलाई तुल्सी थापाले लेखन गर्नु भएको हो भने निर्देशन उज्ज्वल शर्मा भण्डारीले गर्नु भएको हो ।

महोत्सवको छैटौं दिन रङ्गकला, गोरखाबाट 'विकास भर्सेस निकास' नाटक प्रस्तुत गरियो । यो नाटकको निर्देशन रामबाबु रेग्मीले गर्नु भएको हो ।

यस वर्षको महोत्सवको अन्तिम नाटक थियो, प्रदेश नं. २ बाट विराट मैथिल् कला परिषद्को प्रस्तुति रहेको 'मिता आब कोना चलब' नाटक । युवा कलाकार रामभजन कामतको लेखन तथा निर्देशन रहेको यस नाटकमा जातीय द्वन्द्वले एक पहाडी र एक मधेसीबीचको मितेरी सम्बन्धमा आएको फाटोलाई देखाएको छ । यस नाटकको प्रदर्शनसँगै यस वर्षको नाटक महोत्सव सम्पन्न भएको थियो । प्रत्येक दिन नाटक प्रदर्शनसँगै प्रज्ञा–प्रतिष्ठानको तर्फबाट कलाकारलाई प्रमाण पत्र र मायाको चिनो प्रदान गरिएको थियो ।

## महोत्सव सफल – प्राज्ञ निशा शर्मा पोखरेल



राष्ट्रिय नाटक महोत्सव–२०७६ का संयोजक तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेलले यस वर्षको राष्ट्रिय नाटक महोत्सव स्थानीय भाषा, मौलिक संस्कृति र स्थानीयस्तरमा काम गर्ने कलाकारको नाट्य कौशल हेर्ने र अवसर आदानप्रदान गर्न सफल भएको बताउनु भएको छ । नेपाली नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन एवम् सर्वाङ्गीण विकासमा यस्ता महोत्सवले टेवा पुऱ्याउने दोहोऱ्याउनु हुँदै यस क्षेत्रमा युवा सहभागिता बढाउन, राष्ट्रिय संस्कृति पहिचान गराई अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन, सामाजिक एकता, धार्मिक सहिष्णुता एवम् भ्रातृत्वको भावना विकास गर्न नाट्य महोत्सव फलदायी भएकोमा उहाँले हौसला मिलेको पनि बताउनुभयो, "मुलुक सङ्घीय संरचनामा गइसकेपछिको यो अभ्यास गर्वको विषय भएको छ ।" उहाँले देशभरबाट खुल्ला प्रतिस्पर्धाबाट सातै प्रदेशका नाटक समेट्ने प्रयास गरिए पनि सिमित श्रोत र साधनका कारण सम्भव नभएको पनि बताउनुभयो । सरकारले कला तथा साहित्य क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि काम गर्ने भनी जनाएको प्रतिबद्धतालाई झन् सार्थक तुल्याउन आगामी वर्ष पनि प्रज्ञा–प्रतिष्ठानले महोत्सवलाई निरन्तरता दिने बताउनुभयो ।

## यसरी छनोट गरिए नाटक

गोरखापत्र दैनिकमा सार्वजनिक विज्ञापन प्रकाशित गरी आह्वान गरिएको विज्ञापनको आधारमा प्राप्त नाटकहरूमध्येबाट यी नाटक प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेल संयोजक रहेको पाँच सदस्यीय छनोट समितिले छनोट गरेको थियो । छनोट समितिमा वरिष्ट रङ्गकर्मी अशेष मल्ल, रमण घिमिरे र हरिबहादुर थापा सदस्य रहनुभएको थियो भने प्रज्ञा–प्रतिष्ठानका प्रशासकीय अधिकृत दीपक बोहरा सदस्यसचिव रहनुभएको थियो । नाटक चयन गर्दा देशका सातवटै प्रदेशको प्रतिनिधित्वलाई प्राथमिकता दिइएको थियो भने स्थानीय स्तरमा क्रियाशील नाट्य समूहहरूलाई पनि मध्यनजर गरिएको थियो । छनौट गरिएका नाटकहरू तयारी गर्ने क्रममा प्रज्ञा-प्रतिष्ठानको टोली सम्बन्धित स्थानमा गई नाटकको रिहर्सलको अवलोकन गरिएको थियो ।



# कर्णालीको कथा

## पम्पा फूल

नाट्य रूपान्तरण/ निर्देशन : हिरा बिजुली
प्रस्तुति : कर्णाली थिएटर, कलाकुञ्ज, मुगु, कर्णाली

यो नाटक राष्ट्रिय नाटक महोत्सव-२०७६ को उद्घाटन समारोहपश्चात मञ्चन गरिएको थियो । कर्णाली थिएटर, मुगु, कर्णालीको प्रस्तुति रहेको उक्त नाटकको निर्देशन हिरा बिजुलीले गर्नु भएको थियो ।

'पम्पा फूल' कर्णाली प्रदेशमा प्रख्यात लोक कथा हो । माइती घरबाट दाइजोको रूपमा अथाह सम्पत्ति लिई फर्कंदै गरेकी हुन्छे पम्पा । उसलाई पोइली घर पुऱ्याउन भनी दाइ पनि सँगै यात्रामा हुन्छ । रातको समय हुन्छ । बाटोमा एउटा तलाउ भेटिन्छ जहाँ जुनको छायाँ तैरिरहेको हुन्छ । दाइले त्यो छाया पम्पालाई अत्यन्तै मन पर्ने पम्पा फूल हो भनेर देखाउँछ । यही भ्रममा पारेर उसले पमपालाई मारी सारा सम्पत्ति फिर्ता लिन्छ । यो सबै घटनालाई आफ्नै आखाँले भाइले देखेको हुन्छ । दाइको यस्तो कर्तुत देखेर उसले घरबार त्याग्छ र वनबास जान्छ । अन्तत एकदिन सारा गाउँलेले पम्पाको मृत्युको रहस्य थाहा पाई दाइलाई घृणाको दृष्टिले हेर्न थाल्छन् । गाउँलेको घृणा सहन नसकेर एक दिन ऊ आफै पनि त्यसै तलाउमा हाम फलेर आत्महत्या गरेर मर्छ ।

२०६४ सालमा मुगुमा स्थापित कर्णाली थिएटर 'कलाकुञ्ज' को प्रस्तुति रहेको यो नाटक दर्शकबाट अत्यन्त रूचाइएको थियो । हिरा बिजुली नेपालीले नाट्य रूपान्तरण तथा निर्देशन गरेको यस नाटकले लोभ र लालचले कस्तो नियति निम्त्याउँछ भन्ने विषयलाई जीवन्त रूपमा देखाउँछ । लोभले लाभ लाभले विलाप भन्ने उखानलाई सार्थक बनाउने यो नाटकको मुल भाव हो । कर्णाली प्रदेशको सांस्कृतिक जीवनलाई सर्लक्क उतारिएको यस नाटकमा बैदेवी बुढा, विष्णुमाया परियार, देवेन्द्र कार्की, राज मल्ल, रामु बि.क., निशा खड्का, जन्मलक्ष्मी हमाल, सुशीला रावल, खामु बि.क., हिरा बिजुली नेपाली, दिपेन्द्र नेपाली लगायतको अभिनय रहेको थियो ।


मञ्चनपश्चात् कर्णालीमा नाटकघर बनाउने र कर्णालीका लोक कथा तथा संस्कृतिको संरक्षण गर्ने सपना बोकेर नाटकमा सङ्घर्ष गरेको बताउँदै निर्देशक नेपालीले प्रतिष्ठानले गरेका यस्ता महोत्सवले निकै टेवा पुऱ्याउने बताए ।

---

# किसानले पठाउने 'ईश्वरलाई चिठी'

परिकल्पना : सोनु जयन्ती
लेखन : सुगम दुलाल
निर्देशन : प्रज्ज्वल पराजुली
प्रस्तुति : कलालय इटहरी, सुनसरी

राष्ट्रिय नाटक महोत्सव-२०७६ को दोश्रो दिन साल असार ३ गते यो नाटक मञ्चन गरिएको थियो ।
यस नाटकले एक गरिब किसानलाई खडेरी परेपछि ईश्वरलाई चिठी लेख्नुपर्ने बाध्यतामा पुग्छ भन्ने भाव बोकेको थियो । यस नाटकमा नाटकमा जीवन बस्नेत, हिमाल निरौला, अनुजा पौडेल, पूर्णिमा भट्टराई प्रसुस ओझा, मनोज पुमा राई, विवेक थेबे, प्रजल दुलाल, सुमन शाह शङ्कर, विनय कोइराला, सुमन दुलाल, गरिमा पाठक, करण प्याकुरेल, विकास श्रेष्ठ, विमल बराल, माधवप्रसाद दाहालको अभिनय रहेको थियो । यस नाटकलाई हेर्न डा. अभि सुवेदी, डा. शिव रिजाल, माननीय सांसद् खेम नेपाली लगायतका वरिष्ठ व्यक्तित्वहरू सर्वनाम थिएटरमा उपस्थित हुनुहुन्थ्यो । नाटकबारे प्रतिक्रिया दिँदै परिकल्पनाकार सोनु जयन्तीले कलाकारहरूले पहिलो पटक यसरी व्यवसायिक नाट्य हलमा प्रस्तुति दिन पाउँदा आफूहरू खुशी भएको र यस महोत्सवले मोफसलमा रहेका कलाकारलाई प्रेरणा प्राप्त भएको बताउनुभयो । यसै गरी डा. सुवेदीले नेपाली नाटक महोत्सवले यस नाटकको सहभागिताले विशेष महत्त्व राखेको बताउनुभयो ।







## मगर विवाह संस्कृति बोक्ने 'जिवैमामा गीतिनाटक'

निर्देशन : भीम मास्की
प्रस्तुति : मगर अध्ययन केन्द्र

राष्ट्रिय नाटक महोत्सव–२०७६ को तेस्रो दिन असार ४ गते यो लोक गीतिनाटक मञ्चन गरिएको थियो । यस गीतिनाटकमा मामाचेला विवाह गर्ने मगर समुदायको कथा गीत र नृत्यमार्फत् नै प्रस्तुत गरियो । केटीहरु नै मामा र भान्जा पक्ष बनेर सगुन राख्दै केटी मागेको, उमेरबारे भलाकुसारी गरेको, जन्तीबिना नै विधिपूर्वक घर भित्र्याएको, त्यसपछि महिलाहरूले लाहुरे नृत्य, घोडा र कलश नाच गरेको दृश्य निकै लोभलाग्दो थियो ।

नाटकमा विवाहयोग्य उमेर भएपछि मामाकी छोरी माग्न जाने, माइती–चेली पक्षबीच विवाहका विषयमा छलफल हुने, अनुकूल दिनको छनोट गर्न लामा झाँक्रीलाई पात्रो हेराउने लगायतका पक्ष समेटिएका थिए । विवाहका बेलाको लाहुरे नृत्यले मगर समुदायमा गोर्खा भर्तीको महत्त्व प्रकाश पारेको थियो भने घोडा नाच र कलश नाचले गण्डकी क्षेत्रको चौबिसे राज्यकालीन मगर सभ्यताको झल्को दिलाएको थियो ।

यही नाटकमार्फत् पहिलोपटक मगर लोकनाटकले राष्ट्रिय नाट्य महोत्सवमा प्रवेश समेत पायो । यो नाटक हेरिसकेपछि लोकनाटकमा धनी भएर पनि मगर भाषाको रङ्गमञ्च बलियो बन्न नसकिरहेको अवस्थामा 'जीवैमामा' ले आफ्नो भिन्न छाप छोडेको मगर अध्येता तथा लेखक सञ्जोग लाफामगरले बताउनुभयो । उहाँले यस लोकनाटकले पुरानो कृषि प्रणालीदेखि सिकार कथासम्मको पनि बयान गर्ने तर, विवाहको पाटो मात्रै देखाएको गुनासो पनि गर्नुभयो । मगर संस्कृतिविद् मीन श्रीसले फागुन पूर्णिमाको अघिल्लो साँझदेखि गाउँटोलको पायक पर्ने स्थान वा गाउँको प्रमुख व्यक्तिको घर आँगनमा युवतीहरु भेला भएर चार साँझसम्म यो लोकनाटक प्रस्तुत गरिने प्रचलन रहेको बताउनुभयो ।

"नाटकमा यस्ता संस्कृति आउनुपर्छ, यो नेपाली रङ्गमञ्चको गहना हो" नाटक हेरेपछि रङ्कर्मी सुनील पोखरेलले भन्नुभयो । वरिष्ठ कवि एवं संस्कृतिविद् तुलसी दिवसले 'जीवैमामा' हेरेपछि नाटकको मुख्य पात्र जयसराको अभिनयले साँच्चिकैको बिहेमा जन्ती आए जस्तो भान भएको बताउनुभयो ।

## इतिहासका नायक 'अमरसिंहको खोजीमा'

लेखन : तुल्सी थापा
निर्देशन : उज्ज्वल भण्डारी
प्रस्तुति : तरङ्ग सांस्कृतिक परिषद्, हेटौंडा, मकवानपुर

राष्ट्रिय नाटक महोत्सव–२०७६ को पाँचौ दिन असार ६ गते यो नाटक प्रदर्शन गरिएको थियो । नेपाली गौरवगाथाका एक अमर नायक अमर सिंहमा आधारित नाटक थियो यो । नेपाल एकीकरणको इतिहासमा बहादुर योद्धाका रूपमा सुपरिचित अमरसिंह थापाको चरित्रको खोजी यस नाटकमा गरिएको छ । नाटकका सबै चरित्रहरू अमरसिंहको खोजीमा छन् । प्रत्येक नागरिकले आफैभित्र अमरसिंह खोज्ने, राष्ट्रप्रेमको तेजलाई सदैव जीवित गरिरहेको छ । साथै नाटकका कलाकारहरूको व्यक्तिगत भोगाइहरू समेत नाटकमा समेटिएको छ । नाटककै माध्यमबाट भए पनि आफैभित्र अमरसिंहलाई भेट्नु पर्छ भन्ने यस नाटकको सन्देश रहेको छ । एक ऐतिहासिक पुरूषको चरित्रलाई वर्तमान समाज राजनीतिमा बाँचिरहेको मानिसको जीवनमा खोजी गरिनु यस नाटकको महत्त्वपूर्ण पक्ष थियो ।

यस नाटकमा श्रवण भूषाल, आशुतोष पोखरेल, अनुभव ढुङ्गाना, स्पर्श लामिछाने, विश्वास दाहाल, आगमन कोइराला, अभियान पराजुली, अंशु पटेल, सारांश पाण्डे, इशा कार्की, अश्मी घिमिरे, लालबहादुर पौडेल, प्रलय चौलागाइले अभिनय गरेका थिए । ऐतिहासिक विषयलाई नयाँ प्रस्तुतिसाथ देखाइएको यस नाटकलाई पनि दर्शकले औधि रूचाएका थिए ।









## पारिवारिक विखण्डनको कथा

## 'घरभित्रको अर्को घर'

लेखन : भरत गुरागाई
निर्देशन : जीवन बराल
प्रस्तुति : क्षितिज नाट्य समूह, फिदिम, पाँचथर

राष्ट्रिय नाटक महोत्सव-२०७६ को चौथो दिन असार ५ गते यो नाटक प्रदर्शन गरिएको थियो ।
यो नाटक बढ्दो आधुनिकीकरणले एक परिवार कसरी विखण्डनको चपेटामा पर्छ भन्ने कथा बताउँछ ।
कथा अनुसार धनपति बूढाको ग्रामीण संसार सुन्दर नै हुन्छ । उनको छोराले आमाबुबालाई काठमाडौं लगेर पाल्ने निहुँमा वृद्धाश्रमसम्म पुऱ्याउँछ । गाउँको सम्पूर्ण सम्पत्ति बेचेर पैसा कुम्ल्याउँछ ।
कृष्ण शिक्षक हुन्छ सहरमा । सरू उसकी श्रीमती हुन्छे । सरूको विगतले कथालाई नयाँ मोड दिन्छ । सरोजसँगको उसको पुरानो सम्बन्धले सरूलाई बेचैन बनाउँछ । ऊ माइत जान्छे । सरोजले त्यहाँ पनि उसलाई पछ्याउँछ । सरू सबै कुरा श्रीमान्लाई सुनाउने गरी घर फर्किन्छे । तर उसको श्रीमान् अर्कै केटीसँग यौनिक सम्बन्धमा हुन्छ । कृष्णको छोपिएको चरित्र उदाङ्गो हुन्छ । एकले अर्कालाई आफ्नो लुकेको कथा सुनाउँछन् । यस नाटकमा अनु श्रेष्ठ, दीक्षा चौधरी, सुदीप कार्की, प्रदीप सरदार, भरत गुरागाई, विजय माझी, मनिषा बराल, निरासा ढुङ्गेल, गजेन्द्र पृथक, विमल सम्बाहाम्फे, रेनुका बाँस्तोला, मुना कट्टेल, झापाली कान्छा र प्रज्ज्वल काफ्लेको अभिनय रहेको थियो । नाटकको सेट निर्देशक बरालकै हो भने प्रकाश सुरज माझी, ध्वनि संयोजन प्रज्ज्वल काफ्ले र वेषभूषा अनु श्रेष्ठको हो ।
यस नाटकले वैदेशिक रोजगारी, बसाइँसराइ, सहरीकरणजस्ता सामाजिक आर्थिक परिवर्तनले हाम्रो जीवनमा ल्याइरहेको बदलावलाई मार्मिक रूपमा प्रस्तुत गरेको थियो ।

## वेथितिलाई प्रहार 'विकास भर्सेस निकास'

निर्देशन : रामबाबु रेग्मी
प्रस्तुति : रङ्ग कला गोर्खा, गोरखा ।



राष्ट्रिय नाटक महोत्सव-२०७६ को छैटौं दिन असार ७ गते यो नाटक मञ्चन गरिएको थियो । झट्ट सुन्दा विकासे नाटक जस्तो लाग्ने यस नाटकले समसामयिक प्रवृत्तिमाथि गम्भीर व्यङ्ग्य पस्किएको थियो । छात्रवृत्तिमा अमेरिकामा चिकित्सक बनेका डाक्टर एस एस आफ्नो सेवा निवृत्त जीवन आफ्नो देश नेपालमा समाजसेवा गरेर बिताउने निष्कर्षमा पुग्छन् । सामाजिक सेवा गर्नका विभिन्न क्षेत्रहरू खुला पाउँछन् । विभिन्न क्षेत्रहरू अविकासको अवस्थामा हुन्छन् । ती सबै क्षेत्रका मानिस र समुदायको स्वार्थ र चाहनासँग परिचित भएपछि झन् अन्योलमा पर्छन् । अन्ततः विकासको नाममा एउटा सार्वजनिक शौचालय बनाउने निर्णयमा पुगेर उनको अन्योलताले निकास पाउँछ ।
मुलुकको विद्यमान मनपरीतन्त्र, अव्यवस्था, दलीय राजनीति, भ्रष्टाचार, समुदायगत स्वार्थ, परनिर्भरताजस्ता विषयलाई यस नाटकले चोटिलो व्यङ्ग्य गरेको छ ।
यस नाटकमा दीपक आचार्य, हुम बिसी, अजय रेग्मी, मिलन गुरूङ, विक्रम माझी, गौरव सापकोटा, सन्दीप घिमिरे, उमाकान्त सापकोटा, अमृता श्रेष्ठ, सुरज केसी, सशाङ्क उप्रेती, सृजना लिम्बु, रचना बानिया, प्रियना आचार्य र सुदीप खतिवडा लगायतका कलाकारले जीवन्त अभिनय गरेका छन् । विद्यमान हाम्रो समाजलाई सशक्त रूपमा उतारिएको यो नाटक दर्शकको वाहिवाही पाउन सफल भएको थियो ।







## पहाडी–मधेशी मितको कथा 'मिता आब कोना चलब'

लेखन/निर्देशन : रामभजन कामत
प्रस्तुति : विराट मैथिल कला परिषद्

राष्ट्रिय नाटक महोत्सव-२०७६ को सातौं दिन असार ८ गते यो नाटक मञ्चन गरिएको थियो ।

यो नाटक भिन्न सांस्कृतिक पृष्ठभूमिका एक पहाडी र एक मधेशीको मितेरी सम्बन्ध गजब्ले चलिरहेको हुन्छ । एक अर्कालाई चाडपर्वमा बोलाउने र मित्रतालाई अझ प्रगाढ बनाउने काम भइरहेको हुन्छ । तर केही समयको अन्तरालपछि मधेसी र पहाडी द्वन्द्वको बीजारोपणले दुई मीतबीचमा फाटो आउँछ ।

मधेसप्रति पहाडको व्याप्त परम्परागत मनोविज्ञान र मधेस आन्दोलनपछि तराईका मानिसबीच सिर्जित नयाँ मनोविज्ञान र आन्दोलनले सामान्य कृषिकर्म गर्ने मानिसको परिवारमा पारेको असरलाई जीवन्त शैलीमा प्रस्तुत गरेको थियो । नेपाली र मैथिली दुवै भाषा प्रयोग गरिनु र पहाडी खस र मिथिला संस्कृतिको संयोजन हुनुले यस नाटकले अन्तर आञ्चलिक विशेषता समेत झल्काएको थियो । निर्देशक कामतले सद्भावपूर्ण समाजमा केही विषालुहरूले विष घोलेकोले नाटकमार्फत् सामाजिक तथा राजनीतिक सद्भावको खाँचोलाई औंल्याएको बताए । यस नाटकमा निर्देशक कामतसहित सुनिता घिमिरे, कौशिला कामत, मिलन नेपाली, विकास पराजुली, राजेश ठाकुर, भरत कार्की, सञ्जय गुप्ता, आदित्य मिश्रा, अमृता श्रेष्ठ, अमृत स्वाँर र शङ्कर पोखरेलले अभिनय गरेका थिए ।

**समाचार**

# मुकुण्डो नाचबारे छलफल



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले यही २०७६ कात्तिक ३ गते आइतबार परम्परागत नृत्य मुकुण्डो नाचबारे विज्ञहरूसँग छलफल कार्यक्रम आयोजना गऱ्यो । छलफलमा वरिष्ठ संस्कृतिविद् शताब्दी वाङ्मय पुरूष सत्यमोहन जोशी, संस्कृतिविद् गणेशराम लाछी र डा. पुरुषोत्तम लोचन श्रेष्ठलाई प्रज्ञा–प्रतिष्ठानले विशेष आमन्त्रण गरेको थियो ।

प्रज्ञा–प्रतिष्ठानद्वारा निकट भविष्यमा मुकुण्डो नाच महोत्सव आयोजना गर्न लागिएकाले उक्त छलफल गरिएको सदस्यसचिव श्यामप्रकाश तमोटले बताउनुभयो । छलफलका क्रममा शताब्दी वाङ्मय पुरूष जोशीले मुकुण्डो नाच उत्सव आयोजना गर्न लागिएकोमा खुशी प्रकट गर्दै थप सल्लाहसुझाव समेत दिनु भएको थियो । उहाँले यस्ता कार्यले लोपोन्मुख नृत्यहरूको संरक्षण हुने भन्दै प्रज्ञा–प्रतिष्ठानलाई समय सुहाउँदो नयाँ कार्यक्रमहरू समेत तय गरेर अगाडि बढ्न प्रेरित गर्नु भएको थियो ।

संस्कृतिविद् श्रेष्ठले दुई हजार वर्षअघि शुरूवात भएको मुकुण्डो नाचको इतिहास सम्झाउँदै ललितपुरको हरिसिद्धि नाच, काठमाडौंको नरदेवी नाच र भक्तपुरको नवदूर्गा नाच प्रमुख मुकुण्डो नाच भएको बताउनु भएको थियो । त्यसै गरी संस्कृतिविद् लाछीले मुकुण्डो नृत्य मुहाली (सनाई) बजाउँदै नाचिने नाच भएको तर अहिले मुहाली बजाउन जान्ने वाद्यवादकको अभावले यो नृत्य सङ्कटग्रस्त भएको बताउनुभयो । यो नाचसँगै धेरै नाचमा मुहाली बजाइने भएकाले प्रज्ञा–प्रतिष्ठानले मुहाली वाद्यसम्बन्धी प्रशिक्षण कार्यक्रम आयोजना गरे आफूले सहयोग गर्ने समेत बताउनुभयो ।

छलफलमा प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले मुकुण्डो नाचसम्बन्धी महत्त्वपूर्ण सल्लाहसुझाव र विचारहरू प्राप्त भएको भन्दै विज्ञहरूप्रति सरहना व्यक्त गर्नुभयो । छलफलमा उपकुलपति हरिहर शर्मा र प्राज्ञपरिषद् सदस्यहरूको पनि उपस्थिति रहेको थियो ।



### कलाकार प्रशिक्षण, नाटक निर्माण र प्रदर्शनी कार्यक्रम सम्पन्न

# नाटक 'तीनकुने' सान्दार मञ्चन

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले युवाहरूलाई नाटक र रङ्गमञ्च कर्ममा आकृष्ट गर्ने उद्देश्यले कलाकार प्रशिक्षण, नाटक निर्माण र प्रदर्शनी कार्यक्रम सम्पन्न गर्‍यो । उक्त प्रशिक्षण कार्यशाला मिति २०७६ साल वैशाख २५ गतेदेखि जेठ २१ गतेसम्म ललितपुर ग्वार्को स्थित इन्टरनेशनल मार्सल आर्ट एकेडेमीमा सञ्चालन गरिएको थियो । यस क्रममा रङ्गमञ्च सम्बन्धी विषयविज्ञ प्रशिक्षकद्वारा अभिनय, नाटक निर्माण र मञ्च साजसज्जासम्बन्धी प्रशिक्षण लिएपछि सम्बन्धित कलाकारले निर्माण र अभिनय गरेको नाटक समेत प्रदर्शन गरियो ।

प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागले आयोजना गरेको यस कार्यशालामा काठमाडौं उपत्यकामा रहेका विभिन्न थियटरमा काम गरिरहेका कलाकारलाई सहभागी गराइएको थियो । जस अन्तर्गत ज्ञ थिएटर, थिएटर मल, पुरानो घर थिएटर र स्वतन्त्र रूपमा रङ्गमञ्चमा लागेका २० जना युवा रङ्कर्मीहरू सहभागी थिए ।


प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञपरिषद् सदस्य तथा रङ्गमञ्च विभाग प्रमुख निशा शर्मा पोखरेलले संयोजन गर्नु भएको यस प्रशिक्षणमा मुख्य प्रशिक्षकका रूपमा नाट्य क्षेत्रमा स्थापित नाट्यकर्मी सुलक्षण भारती र सहायक प्रशिक्षकका रूपमा कुन्दन चौधरी रहनु भएको थियो । प्रशिक्षण कार्यशालामा नुहुजा महर्जन, अरूण पौडेल, कमल शर्मा, अनन्तराज सिग्देल, एलेक्स तामाङ, जयराम ढकाल,प्रमिला बि.क.., सोनु सेडाई, मिलन गुरूङ, सञ्जिव योगी, सौजन्य लिम्बु, प्रकाश थापा, सरिता भुजेल, चाँदनी शाह, राजु जोशी, कुन्दन चौधरी, प्रकाश गुरागाईं र रेनु योगी सहभागी थिए ।

## नाटक प्रदर्शन

२५ दिने लामो प्रशिक्षणपश्चात् तयार भएको नाटक "तीनकुने" लाई जेठ २१ गतेका दिन साँझ ५:३० बजे कालिकास्थान स्थित सर्वनाम थिएटरमा प्रदर्शन गरिएको थियो ।

नाटक तीनकुने कथाकार पोषण पाण्डेको कथा "भिनाजुको स्विटर", रमेश विकलको "एउटी अवकाश प्राप्त वेश्याको आत्महत्या" र बियस राईको "चम्पाको नाम" का यी तीन फरक कथालाई एकै कथामा नाट्य रूपान्तरण र निर्देशन गरी मञ्चन गरिएको हो । 'भिनाजुको स्वेटर' बाट जीवन सङ्घर्ष, 'एउटी अवकाश प्राप्त वेश्याको आत्महत्या' बाट मानिसभित्र उत्पन्न हुने जितको भोक र हारको डरको मनोभाव तथा 'चम्पाको नाम' बाट शक्तिशालीले दुर्बलको आत्मसम्मान खोसेको प्लटलाई साभार गरी तयार गरिएको यस तीनकुने नाटकले मानिस फगत् भाग्य विधाताको कठपुतली भएको सन्देश दिन्छ । मुख्य प्रशिक्षक सुलक्षण भारतीको नाट्य रूपान्तरण र निर्देशन तथा प्रशिक्षणमा सहभागी कलाकारहरूको जीवन्त अभिनय रहेको करिब एक घण्टा ३० मिनेट समयावधिको यस नाटकले तीन फरक–फरक कथालाई एकै मञ्चमा प्रस्तुत गरेको थियो । नाटक प्रदर्शनी कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्य नमुना शर्मा, वरिष्ठ नाट्यकर्मी अशेष मल्ल, कार्यक्रम संयोजक प्राज्ञ निशा शर्मा लगायत रङ्कर्मीहरू र सर्वसाधारणको उपस्थिति रहेको थियो ।

नाटक मञ्चनपश्चात् कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले प्रमाण पत्र वितरण समारोहमा बोल्दै प्रतिष्ठानले अगामी दिनहरुमा अझै रचनात्मक कार्यहरु गर्ने भन्दै उपस्थित दर्शकहरूलाई धन्यवाद् ज्ञापन गर्नुभयो । साथै प्रतिष्ठानकी प्राज्ञ तथा नाट्य विभाग प्रमुख निशा शर्मा पोखरेलले प्रतिष्ठानले



*प्रशिक्षार्थी एवम् कलाकारहरूलाई प्रमाणपत्र वितरण गर्नु हुँदै वरिष्ठ नाट्यकर्मी अशेष मल्ल र प्राज्ञ निशा शर्मा पोखरेल ।*



घेरो



हित्वा

# लोक नाट्य उत्सवमा दुई वटा लोकनाटक प्रदर्शन

# 'घेरो' र 'हित्वा'ले दर्शकको मन जित्यो

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागको आयोजनामा राजधानीको कालिकास्थान स्थित सर्वनाम थिएटरमा २०७६ जेठ २४ र २५ गते दुई दिने लोकनाटक उत्सव सम्पन्न भएको छ ।

उत्सवको पहिलो दिन रूढिवादी परम्परा विरूद्ध केदार पौडेलको लेखन र कपिल शर्माको निर्देशन रहेको 'घेरो' नाटक मञ्चन गरिएको थियो ।

नाटकअनुसार निर्वाहमुखी किसानी गरेर जीवन चलाउने पुछारे कान्छा एक दिन ससुरालीबाट सराद्धेको निम्तो मानेर फर्कंदा घरको ढोकामा चामलको घेरो देख्छ । त्यो घेरोले पुछारे कान्छा, श्रीमती पुछारे कान्छी र छिमेकीमा मानसिक द्वन्द्व निम्तन्छ । अन्धविश्वासले समाज कुन तहमा ग्रसित छ भन्ने विषय उठान गरिएको यो नाटक युथ क्रिएसन पोखराले प्रस्तुत गरेको हो । यस नाटकमा पश्चिम नेपालको लोकसंस्कृतिको सुगन्ध पाइन्छ । कास्कीको सल्यानमा गाइने बालन शैलीको भजनमार्फत् कथा वाचन गरिएको यस नाटकमा केदारनाथ पौडेल, लक्ष्मण डुम्रे शर्मिला बस्नेत, सञ्जय न्यौपाने 'प्राञ्जल', रामहरि अधिकारी, ममता मञ्जुल, अन्जना पौडेल, मधुसुदन पौडेल, ताराखर पौडेल र विनोद पौडेलको अभिनय रहेको छ । दर्शकले अत्यन्त मन पराएको यो नाटक हेर्न वरिष्ठ निर्देशक सुनिल पोखरेल, अभि सुवेदी, डा. शिव रिजाल, अशेष मल्ल पनि उपस्थित हुनुहुन्थ्यो ।

उत्सवको दोश्रो दिन थारू भाषाको नेपाली नाटक 'हित्वा' मञ्चन भएको थियो । यस नाटकलाई सैडान नाट्य समूह, बर्दिया राजापुरले प्रस्तुत गरेको थियो । यस नाटकले समाजको पिँधमा शोषितदमित अवस्थामा रहेको वर्गले एक दिन शक्तिशाली भएर आफूमाथि शोषणदमन गर्ने राक्षसी प्रणालीसँग बदला लिएरै छोड्ने सन्देश बोकेको छ । थारू समुदायमा अत्यन्त लोकप्रिय लोककथा 'बट्कोही'लाई नाट्य रूपान्तरण गरिएको । यस कथाको केन्द्रीय पात्र हित्वा ज्यादै इमान्दार हुन्छ । उसले साथीभाइबाट अत्यन्त अपहेलना भोग्छ । उसले साथीभाइभन्दा छिटो सिकार मार्छ तर साथीभाइले उसको सिकार अन्यायपूर्ण ढङ्गले खोसेर फ्याँकिदिन्छन् । यस घटनाले ऊ स्वभाविक रूपमा थर्थरी काँप्छ तर पछि त्यसको बदला लिने सोचका साथ अघि बढ्छ । यही भावलाई यस नाटकले देखाएको छ । सुशील चौधरीले लेखन र झकेन बिसीको निर्देशन रहेको यो नाटक थारू भेषभूषा, संस्कृति, गीत र नृत्यमार्फत् जीवन्त बनेको थियो । यस नाटकमा निरजकुमार चौधरी, दिपक सिंह चौधरी, शिवानी चौधरी, रमेशकुमार चौधरी, उषा चौधरी, पारू थारू, मुस्कान थारू, हिरा चौधरी, संगीता चौधरी, विमल चौधरी, गीता चौधरी, रूपक थारू, चन्द्रप्रसाद चौधरी, मञ्जुकुमारी डगौरा, रघुराम थारू, गंगाकुमारी चौधरी र गीत चौधरीको अभिनय रहेको थियो ।

कार्यक्रममा लोकनाट्य उत्सवमा सहभागी नाटक र कलाकार हरूलाई प्रज्ञा–प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र समेत प्रदान गरिएको थियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेलले लोकनाट्यको संरक्षण र त्यसलाई आधुनिक रङ्गमञ्चमा संवर्द्धन गर्ने उद्देश्यले यस्ता महोत्सव आयोजना गर्दै आएको बताउनु भएको थियो ।

---

गरेका नयाँ कामहरूबाट दर्शक तथा रङ्गकर्मीहरूले दिएको साथले ऊर्जा मिलेको बताउनुभयो । कार्यक्रममा उपस्थित दर्शकले नाटक अत्यन्तै मर्मस्पर्शी भएको र यसको अन्त्य पनि उत्तिकै पीडादायी रहेको प्रतिक्रिया दिँदै नाटकमा अभिनित कलाकारहरूले जीवन्त अभिनय प्रस्तुत गरेको बताए । यस नाटकमा सुलक्षण भारती, रेनु योगी, हिरा हमाल, प्रकाश गुरागाई, सरिता कभुजेल, न्हुजाः महर्जन, मिलन गुरुङ, निशान खत्री, जयराम ढकाल, अनन्त राज सिग्देल, सौजन लिम्बु, एलेक्स तामाङ, कमल शर्मा, सञ्जीव योगी, प्रमिला बि.क., अरूण पौडेल आदिको अभिनय रहेको थियो ।



*किरात राई जातिको साकेला नृत्य*

# नृत्य महोत्सवमा झुमे दर्शक
# चर्यादेखि राउटे नृत्यसम्म

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान, नृत्य विभागको आयोजनामा राजधानीस्थित सांस्कृतिक संस्थान, जमलमा यही मिति २०७६ साल असार १६ गते 'नृत्य महोत्सव–२०७६' भव्य रूपमा सम्पन्न भएको छ । विविध जातजातिको मौलिक नृत्य संरक्षण, संवर्द्धन र एवं विस्तार गर्ने उद्देश्यले आयोजित उत्सवमा एक दर्जन नृत्यहरू प्रस्तुत भए ।

कार्यक्रमका विशिष्ट अतिथि वरिष्ठ संस्कृतिकर्मी भू.पू. शिक्षा मन्त्री मोदनाथ प्रश्रितले उद्घाटन गर्नु भएको महोत्सवमा विभिन्न प्रदेशका नृत्य कलाकारहरूले नृत्य प्रस्तुत गरी वातावरणलाई बडो उल्लासमय बनाएका थिए ।

यस क्रममा दैवीशक्तिमाथि भक्तिभाव देखाउने नाचिने तन्त्र साधनासहितको नृत्य चर्या अष्टमातृकादेवी नृत्यदेखि नेपालका लोपोन्मुख जाति राउटेको बाँदर सिकार गर्ने नृत्यसहित एक दर्जन मौलिक नृत्यमा दर्शकहरू निर्निमेष झुमिरहे ।

महोत्सवको शुरूवात अष्टमातृका नृत्यबाट शुरू भएको थियो । मल्लकालीन राजा श्री निवास मल्लले १७२० सालमा आठ नर्तकहरूमा दैवी शक्ति प्रवेश गराई यस नृत्यलाई नचाउने परम्परा बसालेको विश्वास गरिन्छ । नवरात्रिको घटस्थापनादेखि विजया दशमीसम्म प्रत्येक दिन प्रदर्शन गर्ने प्रचलन रहेको यस परम्परागत नृत्यलाई श्री नाशः कल्चर सेन्टर, ललितपुर पाटनले महोत्सवमा प्रदर्शन गरेको हो । यस नृत्यमा कलाकारहरू सुरेन्द्र देसार, स्वजन राजवंशी, दीपक बज्राचार्य, राजिप बज्राचार्य, अनुप महर्जन, मजसना महर्जन, श्रृजना श्रेष्ठ, रोजा अवाले, सुनिता महर्जन र मिनरोवा राज शर्माले जोडदार प्रस्तुति दिएका थिए ।

यस नृत्यपछि मञ्चमा प्रदेश नं. ५ का कलाकारहरू 'झुपुमा झुपु...' बोलसहित अनुष्ठानिक नृत्य सोरठी लिएर देखा परे । राजा जयसिंह, राजकुमारी, सोरठी, मूल नायक वृजभार, विदूषक र जोकरको अभिनय गरिने यो नृत्य मूलतः नेपालको मध्यपहाडी भागमा लोकप्रिय छ । यस नृत्यलाई न्यू सत्यसाइ कलाकेन्द्र, बुटवलले प्रस्तुत गरेको थियो । सुन्दर गुरूङको संयोजन रहेको यस नाचमा कलाकारहरू मदन नेपाली, अजय सिरिस, सुशील सारू, रोहन राना, अञ्जली नेपाली, रोशनी मगर, नाम्सु थापा र प्रतिमा थापाको विभिन्न भावभङ्गीमय नृत्यले दर्शक लठ्ठै भए ।

वर्षा याम त गइसकेको थियो तर लगत्तै मञ्चमा वर्षाका कामना गर्दै प्रदेश नं. २ का कलाकारहरू जटजटिन नृत्य लिएर झुल्किए । थारू जाति र मैथिली समुदायमा उत्तिकै प्रचलित यो नृत्य असार श्रावणमा वर्षाको कामना गर्दै नाच्ने गरिन्छ । 'छमराके बेटा मे' बोलमा कलाकारहरू नृत्यरत रहँदा शायद



"विभिन्न संस्कृतिमा आधारित सुन्दर नृत्यहरूले हाम्रो देशलाई समृद्ध बनाएको छ ।"

वरिष्ठ संस्कृतिकर्मी, भू.पू. शिक्षा मन्त्री मोदनाथ प्रश्रित



*सुनुवार जातिको नमसेल नृत्य*

मनसुन गइसकेर होला, वास्तविक वर्षा नभए पनि दर्शकदीर्घामा तालीको वर्षा भइरह्यो । नेपाल सङ्गीत कलाकेन्द्र, रौतहटको प्रस्तुति रहेको यस नृत्यमा कलाकारहरू सरोज ठाकुर सिंह, कामिनी राई, अभिषेक राई र रिता ठाकुरको समूह थियो । यस नृत्यलाई प्राज्ञ बज्रकिशोर सहनीले संयोजन गर्नु भएको थियो ।



'लोक नृत्यको संरक्षण र विस्तार तथा सबै संस्कृतिलाई एकताको सुत्रमा बाँध्न, राष्ट्रिय भावनालाई प्रगाढ बनाउन र नृत्यबाट उनीहरूको भेषभूषा, संस्कृति र कलालाई प्रस्तुत गर्न महोत्सव'

**प्राज्ञ नमुना शर्मा**

महोत्सवकै मुख्य आकर्षण थियो राउटे नृत्य । सुदूर पश्चिम र मध्यपश्चिमका पहाडमा अझै घुमन्ते र सिकारी जीवन यापन गरिरहेका अतिसीमान्तकृत यस जातिको जनजीवन समेटिएको नृत्य हेर्न पाउँदा दर्शक अति नै उत्साहित देखिन्थे । "नानो नो मनाङ" बोलको यस नृत्यमा अर्जुन बि.सी., हुम बि.सी., गोविन्दकुमार गुर्माछाने, राजप्रकाश सुनार, राजेश कटुवाल, विदुशा गिरी, अप्सरा कार्की, मिनु भुजेल, रविना थापा, समुन्द्र बि.सी., आभाष विष्ट, सुदिप चौधरी र समिर बि.सी.ले जीवन्त प्रस्तुति दिएका थिए । यस नृत्यलाई अर्जुन बि.सी.ले संयोजन गर्नु भएको थियो ।

यसै गरी प्रदेश नं. १ का कालकार हरूले किरात राई जातिको मौलिक नृत्य साकेलालाई दर्शक सामु प्रस्तुत गरे । प्रकृति र भूमि पूजा गर्दा विभिन्न जीवजन्तुको नक्कल गरी ढोलझ्याम्टाको तालमा सामूहिक रूपमा नाचिने यस नाचलाई युनाइटेड डान्स एकेडेमी धरानले प्रस्तुत गरेको हो । यस नृत्यमा कलाकारहरू सन्तोष तामाङ, हर्कबहादुर तामाङ, सौजन भुजेल, सञ्चल राई, रोजन राई, इक्सा लिम्बु, अनिषा राई, आशिका राई र करिस्मा राई रहेका थिए भने निर्देशन नगेन्द्र राईको रहेको थियो । त्यस्तो अर्को किरात समुदाय सुनुवार जातिको नमसेल नृत्य पनि प्रकृति र भूमिपूजासँगै सम्बन्धित छ । अति नै जोशिलो तालमा नाचिने यस नृत्यलाई ख्वापकिमी कला संस्था, काठमाडौँले प्रस्तुत गरेको थियो । यस नृत्यमा चम्पा सुनुवार, शान्ति सुनुवार, हिरा सुनुवार, सुकु सुनुवार, विपना सुनुवार, सुप्रिमा सुनुवार, रेविका सुनुवार, मनिस्का सुनुवार, वृहषमान सुनुवार रहेका थिए । यस नृत्यलाई वृहषमान सुनुवारले संयोजन गर्नु भएको थियो ।

यसपछिको पालो थियो मध्यपहाडी इलाकामा बस्ने गुरूङ, मगर, दरै र थारूकुम्हालेमा प्रचलित घाटु नाचको । यो नाच धार्मिक परम्परा, वीरताको गायन र मनोरञ्जनका दृष्टिले समेत लोकप्रिय मानिन्छ । पश्रामु राजा र अम्बावती रानीको प्रतीक स्वरूप पात्रहरूको प्रयोग गरी नाचिने यस नृत्यलाई रवि रानामगरको संयोजनमा कलाकारहरू अनुषा तामाङ, श्रृष्टि तामाङ, विपना तामाङ, रूपा सुवेदी, चन्दना तामाङ, सन्ध्या बस्नेत, खुशी अधिकारी र अञ्जली चौधरीले प्रस्तुत गरे ।

यो आनुष्ठानिक विधिबाट प्रारम्भ हुने रमाइलो नृत्यपछि मञ्चमा सुदूर पश्चिम प्रदेशको मौलिक नृत्य देउडालाई प्रस्तुत गरियो । जुहारी गीतसहित सामूहिक रूपमा प्रेम, धर्म, इतिहास र सामाजिक विकृति आदि विषयलाई प्रस्तुत गरिने यस नृत्यलाई कर्णाली कला संस्कृति समाजले प्रस्तुत गरेको थियो । 'रारा जाने मूल बाटोमा...' बोलको यस नृत्यमा कलाकारहरू गोर्ख बि.क. सागर नेपाली, कल्पना बि.क., जयन्ती शाही, कमल बूढा, लोकराज सिंह, सूर्य रोकाय, निर्वाचन देवकोटा, कमला धिताल, चन्द्रा बूढा र लोकराज सिंह रहेका थिए । यस नृत्यलाई सूर्यबहादुर रोकायले संयोजन गर्नु भएको थियो ।

त्यसपछिको पालो थियो कौरा नृत्यको । गण्डकी प्रदेशअन्तर्गत् तनहुँ जिल्लामा

## महोत्सवमा नृत्य छनोटका आधारहरू

२०७६ जेठ १ गते बसेको प्राज्ञपरिषद् बैठकले नृत्य छनोटको लागि प्राज्ञ नमुना शर्माको संयोजकत्वमा प्राज्ञ कृष्णभक्त महर्जन, प्राज्ञ नारायणदेवी प्रधान, माया थापा र शाखा अधिकृत प्रविण साप्कोटा सदस्यसचिव रहेको छनोट समिति गठन गरिएको थियो । उक्त समितिले सिफारिस गरे अनुसार नेपाली राष्ट्रिय दैनिक गोरखा पत्रमा सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त नृत्यका बोलहरूलाई छनोट गरिएको थियो । नृत्य चयनमा सबै प्रदेशको प्रतिनिधित्वलाई प्राथमिकता दिइएको थियो भने काठमाडौँका विभिन्न सांस्कृतिक नृत्यलाई पनि प्रतिनिधिमूलक ढङ्गले समावेश गराइएको थियो ।

बसोवास गर्ने मगर समुदायले विभिन्न पर्वमा खैजडी बजाउँदै नाच्ने यस नृत्यलाई तरेली सांस्कृतिक परिवार पोखराले प्रस्तुत गरेको थियो । निश्चल थापा मगरको सङ्कलन, खुशबहादुर गुरूङको सङ्गीत र राजबहादुर गुरूङको स्वरमा रहेको 'तिमी बस्यौ नजरमा..' बोलको गीतमा कलाकारहरू साजन गुरूङ, पवित्रा गुरूङ, अनुशा गुरूङ, विमा गुरूङ, सरिता थापामगर, लक्ष्मी थापामगर र सोनु दुराले यो नृत्य प्रस्तुत गरेका थिए । यस नृत्यलाई कमल गुरूङले संयोजन गर्नु भएको थियो ।

लगत्तै मध्यपश्चिम नेपालको राप्ती र भेरीका मध्यपहाडी भागमा प्रचलित श्रृङ्गाररस प्रधान टप्पा नृत्य प्रस्तुत गरियो । उक्त नृत्यको निर्देशन मायाँ थापाले गर्नु भएको थियो । त्यसपछि नेवार समुदायको लोकप्रिय नृत्य धिमे नाशः कलचर सेन्टर ललितपुर पाटनका कलाकारहरूले प्रस्तुत गरेका थिए । उक्त नृत्य सञ्जय राजोपाध्यायले निर्देशन गर्नु भएको थियो । त्यसपछि झ्याउरे नृत्य प्रस्तु गरिएको थियो जुन नृत्य मध्यपश्चिमका पहाडी जिल्लामा विभिन्न खुशियालीका अवसरमा नाच्ने गरिन्छ । जन सांस्कृतिक प्रतिष्ठान, नेपालले यो नृत्य प्रस्तुत गर्दा साँझ परिसकेको थियो । तर दर्शकहरूमा अझै नृत्यको भोक मेटिएको थिएन । 'लेकैमा फूल्यो लालीगुराँस..' बोलमा कलाकारहरू मनिषा हमाल, लोकमाया थापा, छवि थापामगर, दिपेश माझी र मदन लामाको झ्याउरे नृत्यसँगै रमाएका थिए । यस नृत्यलाई माया थापाले निर्देशन गर्नु भएको थियो । महोत्सवको अन्तिम प्रस्तुति सांस्कृतिक संस्थानद्वारा प्रस्तुत गरिएको मयुर नृत्यले दर्शकलाई आकर्षित गरेको थियो । उक्त नृत्य संस्थानकै कलाकार मदन थापाले प्रस्तुत गर्नु भएको थियो ।


*सहभागी कलाकारलाई प्रमाण पत्र वितरण गरिँदै ।*

महोत्सवमा विशिष्ट अतिथि वरिष्ठ साहित्यकार, संस्कृतिकर्मी तथा भूतपूर्व शिक्षा मन्त्री मोदनाथ प्रश्रित हुनुहुन्थ्यो । महोत्सवलाई सम्बोधन गर्दै उहाँले विभिन्न संस्कृतिमा आधारित सुन्दर नृत्यहरूले हाम्रो देशलाई समृद्ध बनाएको र त्यसको संरक्षण र सम्वर्द्धनमा यस्तो महोत्सव आयोजना गरेकोमा प्रज्ञा–प्रतिष्ठानको प्रशंसा गर्दै कृतज्ञता प्रकट गर्नुभयो । महोत्सवमा सहभागी कलाकारहरूलाई विशिष्ट अतिथि प्रश्रित र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रमाणपत्र प्रदान गर्नु भएको थियो । प्रज्ञा–प्रतिष्ठानका नृत्य विभाग प्रमुख तथा महोत्सव संयोजक प्राज्ञपरिषद् सदस्य नमुना शर्मा देवकोटाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र महत्त्व बारेमा प्रकाश पार्नुभएको थियो । उहाँले नेपालका विभिन्न जातिका प्रचलित लोक नृत्यको संरक्षण र विस्तारको लागि महोत्सव आयोजना गरिएको र सबै संस्कृतिलाई एकताको सुत्रमा बाँध्न, राष्ट्रय भावनालाई प्रगाढ बनाउन र नृत्यबाट उनीहरूको भेषभूषा, संस्कृति र कलालाई प्रस्तुत गर्ने महोत्सवको उद्देश्य रहेको प्रस्ट पार्नुभयो । महोत्सवलाई कुलपति श्रेष्ठले अध्यक्षता गर्नु भएको थियो । कार्यक्रमको अन्तमा कुलपति श्रेष्ठले थोरै समयमा विभिन्न प्रदेशबाट विभिन्न जातिका नृत्यहरू खोजी गरी प्रदर्शन गरेकोमा खुशी प्रकट गर्दै सबैलाई धन्यावाद् समेत दिनुभयो । कार्यक्रमको सञ्चालन प्रज्ञा–प्रतिष्ठानकै पूर्व प्राज्ञपरिषद् सदस्य प्राज्ञ माधव प्रधानले गर्नु भएको थियो ।

**समाचार**

## मन्त्रालय–सचिव र प्रतिष्ठान–पदाधिकारीबीच भेटघाट



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले २०७६ असोज ३० गते बिहीबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको अवलोकन भ्रमण गर्नुभएको छ । नाचघरमा अमूर्त सम्पदा दिवसको अवसरमा आयोजित सांस्कृतिक कार्यक्रमपश्चात् उहाँ नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको कार्यालय पुग्नु भएको थियो ।

प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन), उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्यहरू लगायत कर्मचारीहरूद्वारा उहाँलाई स्वागत गरिएको थियो । प्रतिष्ठानका पदाधिकारीहरूसँगको भेटमा प्रतिष्ठानले गरेका कामहरूबारे उहाँलाई जानकारी गराइएको र सचिव अधिकारीले आगामी दिनहरूमा प्रतिष्ठानलाई मजबुत बनाउँदै आफ्नो उद्देश्य अनुरूपको कामहरूलाई प्रभावकारी बनाउन सल्लाह सुझावहरू दिनु भएको सदस्यसचिवले बताउनुभयो ।

# शास्त्रीय सङ्गीत उत्सव सम्पन्न
# वाद्यवादन र नृत्यले दर्शक मन्त्रमुग्ध




काठमाडौं । अन्तर्राष्ट्रिय सङ्गीत दिवस–२०१९ को अवसर पारेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान, परम्परागत तथा शास्त्रीय सङ्गीत विभागको तत्त्वावधानमा २०७६ असार ५ र ६ गते गरी दिन दुई दिने शास्त्रीय सङ्गीत उत्सवको आयोजना सम्पन्न भयो ।

उत्सवअन्तर्गत् पहिलो दिन असार ५ गते काठमाडौँ, कमलादीस्थित रूसी सांस्कृतिक केन्द्रमा देश–विदेशका चर्चित शास्त्रीय सङ्गीतज्ञहरूद्वारा शास्त्रीय गायन, वाद्यवादन तथा नृत्य प्रस्तुत गरिएको थियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागका प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिको अध्यक्षतामा भएको उक्त कार्यक्रमका प्रमुखअतिथि प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ 'रायन'ले डमरु बजाएर शास्त्रीय सङ्गीत उत्सवको उद्घाटन गर्नुभएको थियो । पूर्वीय सांस्कृतिक मान्यताअनुसार भगवान् शिवको डमरूबाट सङ्गीतको उत्पत्ति भएको भन्ने मान्यताका आधारमा उद्घाटनको यो शैली विशेष प्रतीकात्मक र रोचक बन्न पुगेको थियो । उक्त प्रतीकात्मक उद्घाटनले तब अझ विशेष अर्थ राखेको भान भयो जब भारत दरभङ्गाबाट आएका प्रसिद्ध कलाकार डा. विपिन मिश्रले शङ्ख र डमरूका साथ सुरमण्डल अनि झ्यालीसमेत आफैले बजाउँदै स्त्रोत्र गायन प्रस्तुत गरे।

सामान्यतया शङ्ख, डमरु जस्ता वाद्ययन्त्रहरु हामीकहाँ पूजा तथा धार्मिक अनुष्ठानहरूमा प्रयोग गरिन्छन् । तर डा. मिश्रले शङ्खको सुर अनि डमरूको ताललाई ललित सङ्गीतमा रूपान्तरित गरी स्त्रोत्र गायन गर्दै वातावरणलाई नै उत्सवमय बनाइदिएका थिए । पं. विपिन मिश्रको स्त्रोत्र गायनलाई तबला र नगडा बजाएर भारत मधुवनीबाट आएका वाद्यवादक सिद्धि शङ्करले विशिष्ट तुल्याएका थिए ।

गायन वाद्यवादन र नृत्यका गरी जम्मा तेह्र वटा प्रस्तुति भएको सो कार्यक्रममा नेपालको शास्त्रीय सङ्गीत फाँटका नवोदितदेखि स्थापितसम्मका कलाकार हरूले आ–आफ्नो नृत्य,गायन तथा वाद्यवादन प्रस्तुत गरेका थिए ।

यस क्रममा नेपालमा शास्त्रीय सङ्गीतका विशिष्ट साधक तथा शिक्षक गुरुदेव कामतले आफ्ना शिष्यहरूका साथ राग दरबारी प्रस्तुत गरेका थिए भने प्रसिद्ध

सितारवादक डा. ध्रुवेशचन्द्र रेग्मीले सुकर्म समूहका सदस्यहरूका साथ राग भीममा वाद्यवादन गरे।

यसै गरी धनबहादुर गोपाली र सङ्गीता प्रधानले राग रागेश्वरीमा गायन गरेका थिए । वरिष्ठ साधकहरूको यो जोडीलाई वरिष्ठ तबलावादक डङ्कनदास चौधरी र सिद्धहस्त हारमोनियम वादक शिव पौडेलले साथ दिएका थिए । कार्यक्रममा विशिष्ट छाप छोडेको थियो । सुरेशराज बज्राचार्य, सन्तोषभक्त श्रेष्ठ, मिलन तण्डुकार र मिलेश तण्डुकारको समूहले क्रमशः सरोद, इसराज, जलतरङ्ग र तबला वादनका साथ राग चन्द्रकौंस बजाएर दर्शकलाई मन्त्रमुग्ध पारेको थियो । यस्तै अतुल स्मृति गुरुकुलका सदस्यहरु परशुराम पौडेल, अनन्त प्रजापति, मधुसूदन गैरापिप्ली, रामकुमार

नीरा रानाभाटले गरेका थिए भने प्रमोद उपाध्याय, यतिराज, जगन्नाथ धौगोडा, कुन्दन पाठक, नीता थापा, पद्महीरा स्थापित, सङ्गीता पुडासैनी, विजय दर्लामी, सरोज अधिकारी, मनोज गौतम, चन्दन चौधरी, प्रज्ज्वल अधिकारीलगायतका वाद्यवादकहरूले प्रस्तुतिहरूमा साथ दिएका थिए । कार्यक्रमको समापन सुजाता बरालको कथक नृत्यबाट भएको थियो । सबै प्रस्तुतिहरु दर्शकलाई गतिलोसँग



*भारतीय कलाकार डा. विपिन मिश्र शङ्ख र डमरूका साथ स्त्रोत्र गायन प्रस्तुत गर्दै ।*



*कलाका सुजता बराल कथक नृत्य प्रस्तुत गर्दै ।*



**"शास्त्रीय सङ्गीत समग्र सङ्गीतको आधार एवं संस्कार हो ।"**

**प्राज्ञ धीरेन्द्र प्रेमर्षि**

ज्ञानुराधा गोर्खालीको सितार र विकासनाथ योगीको बेला वादनमा रहेको जुगलबन्दीले राग कलावतीमा आफ्नो

अर्याल र डा. निरञ्जन भण्डारीले तबला तरङ्गको प्रस्तुति दिएका थिए ।

रविनदास श्रेष्ठ र श्री केसीलेराग मियाँ मल्हार गाएर असार महिनाको बर्साती मौसमलाई सुमधुर साङ्गीतिक सम्बोधन गरेका थिए भने जीवन आलेले आफ्ना शिष्यहरूका साथ बाँसुरीमा राग झिंझोटी प्रस्तुत गरेका थिए । नेपालकी प्रथम महिला तबला वादक सरिता मिश्रको नेतृत्वमा रहेको चेली समूहले प्रस्तुत गरेको राग भैरवीको धुनले आफ्नै किसिमको आनन्द दिएको थियो भने सुजाता वर्मा र जोनिशा पौडेलले राग विहागमा अनि नवराज सापकोटा र धनराज तामाङले राग भीमपलासीमा गायन प्रस्तुत गरेर नेपालमा शास्त्रीय सङ्गीतको उज्ज्वल भविष्यको सुन्दर स्वरूप पस्केका थिए । कार्यक्रमको सञ्चालन शास्त्रीय गायनमै विद्यावारिधि गरेका डा. सीता थापा र

बाँधिराख्न सफल भएका थिए, फलस्वरूप कार्यक्रम पाँच घन्टासम्म चलेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति रायनले सम्बद्ध क्षेत्रका विशेषज्ञ र साधकहरूसँगकै समन्वय र सहकार्यमा प्रतिष्ठानले आफ्ना क्रियाकलापलाई अगाडि बढाउने बताउनुभयो ।

सो अवसरमा प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत समग्र सङ्गीतको आधार एवं संस्कार हो भन्दै यसको विकासले नै सिङ्गो सङ्गीत जगत्को सम्मान र उत्थान हुने बताउनुभयो । कला–सङ्गीतले मनहरूलाई जोड्न प्रमुख भूमिका खेल्ने उल्लेख गर्दै यस उत्सवमा देशका नवोदितदेखि स्थापित सङ्गीतज्ञहरु समेतले आपसमा युगल तथा समूह प्रस्तुतिहरु दिएबाट सहकार्यको संस्कृतिमा टेवा पुग्ने र यसबाट नेपालमा सङ्गीतको अवस्था



*कुलपति नारायणभक्त श्रेष्ठ (रायन) र जनगायक रामेश श्रेष्ठ सहभागी कलाकारलाई प्रमाण पत्र र मायाको चिनो प्रदान गर्दै ।*

क्रमिक रूपमा बलियो हुँदै जाने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ गोपालनाथ योगी, जनगायक रामेश, प्रख्यात् रङ्गकर्मी अशेष मल्ल, उदय खनाल 'उमेश'लगायतका मूर्धन्य साधकहरूको उपस्थिति रहेको थियो । समापनमा नेपाली साङ्गीतिक फाँटका आदर्श जोडी रामेश–रायनबाट कलाकार हरूलाई स्नेहोपहार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

उत्सवअन्तर्गत् दोस्रो दिन नेपाल प्रज्ञा–प्रतिष्ठानको देवकोटा सभाकक्षमा आयोजना भएको विचार गोष्ठीमा सहभागी शास्त्रीय सङ्गीत स्रष्टा–साधकहरूले यस दुई दिने शास्त्रीय सङ्गीत उत्सवको आयोजनाबाट नेपालको शास्त्रीय सङ्गीत फाँटमा नौलो र विशिष्ट ऊर्जाको सञ्चार भएको धारणा व्यक्त गरे ।

विचारगोष्ठीमा डा. ध्रुवेशचन्द्र रेग्मीले नेपालमा शास्त्रीय सङ्गीतको सम्भावना र चुनौती तथा श्री केसीले शास्त्रीय सङ्गीतका गायन शैलीहरु विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रहरूमा क्रमशः डा. रमेश पोखरेल तथा प्राज्ञ शकुन्तला प्रधानको टिप्पणी रहेको थियो भने प्रख्यात् ध्रुपद् गायक विष्णु आचार्य, वदन मण्डल, डा. सीता थापा, मनोहर महतो, कुन्दन पाठक, सन्तोषभक्त श्रेष्ठ, परशुराम पोखरेललगायतका व्यक्तित्वले आ–आफ्नो धारणा राखेका थिए ।

यस क्रममा शास्त्रीय सङ्गीतका अध्येताहरूका निमित्त विद्वत्वृत्ति उपलब्ध गराउनुपर्ने र प्रतिष्ठानले शास्त्रीय सङ्गीत क्षेत्रको उत्थानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने माग गरिएको थियो । नेपालमा प्रचलित शास्त्रीय सङ्गीतलाई बाहिरतिर भारतीय शास्त्रीय सङ्गीतको कोटिमा राखिदिने गरिएकोमा दुःख प्रकट गर्दै यो सङ्गीत वस्तुतः दक्षिण एशियाली सङ्गीत भएको र नेपालमा प्रस्तुत गरिने शास्त्रीय सङ्गीतको आफ्नै मौलिक शैली रहेकोमा विद्वान्हरूले एक मत प्रकट गरेका थिए ।

कार्यक्रमका प्रमुखअतिथि प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले कार्यक्रममा उच्चस्तरका कार्यपत्र, टिप्पणी र विचारहरु प्रकट भएको उल्लेख गर्दै नेपाली सङ्गीत जगत्माथि प्राज्ञिक व्यक्तित्व र क्रियाकलापहरूको अभाव रहेको भनी बेलाबेला लाग्ने गरेको आरोपलाई यस विचार गोष्ठीले पूर्णतः निराधार प्रमाणित गरिदिएको बताउनुभयो ।

विचारगोष्ठीको अध्यक्षता गरिरहनुभएका प्रतिष्ठानका परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत क्षेत्रको विकासका लागि पुराना साधकहरूलाई सम्मान तथा नयाँ प्रतिभाहरूलाई पनि स्थान दिँदै अध्ययन र प्रस्तुतीकरणका साथै आवश्यक अन्य कदम उठाइने कुरा बताउनुभयो ।



*विचार गोष्ठी कार्यक्रम २०७६ असार ६ ।*

**सन्दर्भ : संविधान दिवस र नेपाल भ्रमण वर्ष २०२०**

# सामूहिक वाद्यवृन्द सारङ्गीमा देश भव्य रुपमा सम्पन्न




काठमाडौँ । नेपाल १२३ भन्दा बढी भाषा र १२५ भन्दा बढी जाति बसोबास रहेको सांस्कृतिक विविधताले सम्पन्न राष्ट्र हो । यही विविधताको मर्मलाई संविधान दिवस असोज ३ र नेपाल भ्रमण वर्ष २०२० सन्दर्भ पारेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले सारङ्गीमार्फत् प्रस्तुत गरेको छ । 'सारङ्गीमा देश' नाम दिएको उक्त भव्य सामूहिक वाद्यवृन्द प्रस्तुति कार्यक्रम यही मिति २०६७ साल असोज २ गते (संविधान दिवस असोज ३ गतेको पूर्वसन्ध्या) साँझ ५ बजे काठमाडौँ जमलस्थित सांस्कृतिक संस्थानको सभा हलमा सम्पन्न भएको थियो ।

कार्यक्रममा कलाकारद्वारा नेपालको प्रचलित एक प्रमुख तार बाजा सारङ्गीसँगै नेपालका अन्य मौलिक लोकबाजाहरू सामूहिक वादन गरी विभिन्न जातिसँग सम्बिन्धत १६ वटा मौलिक लोकधुनहरू प्रस्तुत गरिएको थियो ।

## सद्भाव तथा एकताको विकासमा टेवा – मन्त्री भट्टराई

यस भव्य कार्यक्रमलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका संरक्षक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय योगेश भट्टराईले पानसमा दिप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नु हुँदै मन्त्री भट्टराईले सारङ्गीका माध्यमबाट जातीय दायरालाई फराकिलो बनाएर 'सारङ्गीमा देश' कार्यक्रमले देशमा सद्भाव तथा एकताको विकासमा टेवा पुऱ्याउने बताउनुभयो ।

त्यसै गरी प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठले यस कार्यक्रमले लोप हुने अवस्थामा रेहेको नेपाली मौलिक बाजा सारङ्गीको प्रवर्द्धनमा समेत सहयोग पुगेको धारणा राख्नुभयो ।



'सारङ्गीमा देश' जस्ता कार्यक्रमले देशमा सद्भाव तथा एकताको विकासमा टेवा पुऱ्याउँछ ।

**मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री**
**योगेश भट्टराई**



## १६ मौलिक लोकधुनले जोडियो मेचीकाली

कार्यक्रममा नेपालकापूर्वदेखि पश्चिमसम्मका १६ वटा विभिन्न लोकधुनलाई सामूहिक सारङ्गी वादन र अन्य लोकबाजा वादनमार्फत् प्रस्तुत गरिएको थियो ।

विशेष शुभकार्य, अवसर, चाडपर्वमा बजाउने मङ्गल धुनलाई विभिन्न भेषभूषामा सजिएका कलाकारहरूले गुन्जाएर सामूहिक वाद्यवृन्दको शुभारम्भ गरेका थिए । त्यसपछि क्रमशः मगर–गुरूङ समुदायमा प्रचलित परम्परागत सङ्गीत सोरठी धुन गुञ्जियो । पश्चिम र मध्यपश्चिममा प्रचलित यो धुन सकिना साथ सुदूरपूर्व लिम्बुवानमा प्रचलित पालाम भाका प्रस्तुत भयो । यसपछि प्रस्तुत असारे भाकाले भर्खरै सकिएको बर्खामास र रोपाईँलाई पुनस्मरण गरायो भने मैथिली भाकाले नेपालको तराईमधेस अर्थात् प्रदेश नं. २ अन्तर्गत् पर्ने अत्यन्त प्राचीन मिथिला सभ्यता र थातथलोमा पुगेको भान दिलायो ।

शारदीय याम शुरू भई काठमाडौँमा घाम र वर्षाको लुकामारी चलिरहेकै थियो । वाद्यवादकहरू पनि के कम ! प्रख्यात् लोकवाद्यविद् भरत नेपालीद्वारा सिर्जित 'क्या राम्रो इन्द्रेणी !' धुन कार्यक्रममा पस्किहाले । वर्षात्को समयमा पानीले निथ्रुक्क भिजेको बखत क्षितिजमा देखिने मनमोहक इन्द्रेणीको लालित्यको परिकल्पनामा रचित यो धुनले दर्शकबीच जीवन र प्रकृतिको रोमाञ्च तथा मोहकता बर्साएझैं भएको थियो ।

त्यसपछि बाह्र मगरातका मगर जातिजातिमा प्रचलित सामूहिक वाद्य र नृत्यसहितको कौडा भाका प्रस्तुत भयो । शिरसया भाका काठमाडौँ उपत्यकाभित्र बसोबास गर्ने नेवार समुदायको कला–संस्कृति, रीतिरिवाजसँग जोडिएको भाका हो । यस भाकाका प्रस्तुतिमा श्रोतादर्शक आकर्षित नहुने कुरै थिएन ।

नेपालको लोकगीतमै अत्यन्तै प्रसिद्ध भाका हो सँगिनी । कार्यक्रममा यस धुनले दर्शकहरूलाई जति रोमाञ्चक बनायो त्यति नै वा माया वा नेवार समुदायको प्राचीन भाकाले ध्यानाकृष्ट गरायो । त्यसपछिको पालो थियो मालश्री धुनको । नेपालका हिन्दूधर्मीहरूको महान् चाड बडादसैँमा देवी–देवताको स्तुतिलाई रागमा अलापेर गाइने यो धुन बजाइँदा नेपालीको घरआँगनमा आइरहेको बडादशैँलाई झनै नजिकनजिक बोलाइरहे झैँ झल्को दिएको थियो ।

धिमाल जातिको राष्ट्रिय बाजाको रूपमा ढोल र उर्नीलाई चिनिन्छ । पूर्वी नेपालको झापा र मोरङमा बसोवास गर्ने यस जातिको लोकधुनमा सामुदायिक पहिचान र एकताको सन्देश भाव थियो । यस धुनपछि नेपालको पूर्व अर्थात् माझकिरातमा प्रचलित साकेला भाकाको प्रस्तुति रह्यो । विशेष गरी उभौली पर्व वैशाखे पूर्णिमा र उधौली पर्व मङ्सिरे पूर्णिमामा आराध्यदेव पारूहाङ र सुम्निमालाई पुकार्दै सामूहिक रूपमा लस्करै गोलाकार घेरा बनाई हातमा चमर, फूल, सिमलीको स्याउला लिई नाच्दै ढोल, झ्याम्टा आदि बाजागाजासहित गाइने यो भाकाले दर्शकदीर्घामा विछट्टै उत्साह पैदा गरेको महशुस हुन्थ्यो ।

म्हेन्दोमाया भाका नेपालमा अत्यन्त प्रचलित यो भाका धादिङ, नुवाकोट र रसुवा जिल्लाका तामाङ जातिमा प्रचलित लोकप्रिय छ । पुरूष र महिला समूहले पालैपालो तामाङ भेषभूषामा सजिएर मध्यलयमा गाइने यस भाकाको प्रस्तुतिले कुनै तामाङ गाउँतिर पुगेको आभाष दिलाएको थियो ।

थकाली जाति नेपालको उपल्लो हिमाली क्षेत्र मनाङ र मुस्ताङतिर बसोबास गर्छन् । कार्यक्रममा थकाली जातिका मौलिक धुनहरूको प्रस्तुतिले जातीय सँगै भौगोलिक विविधतालाई पनि जीवन्त रूपमा प्रस्तुत गर्न सफल भयो । जब सुदूरपश्चिम तथा मध्यपश्चिम क्षेत्रमा गाइने प्रचलित लोक गायन शैली देउडा भाकाको अन्तिम प्रस्तुति रह्यो तब विभिन्न मौलिक लोकधुनमार्फत् पूर्व मेची र पश्चिम महाकाली जोडिइसकेको झल्को भएको थियो । यसरी लगभग एकघण्टा समयअवधिमा १६ मौलिक धुनलाई २० जना सारङ्गी वादक तथा अन्य वाद्यवादकसमेत गरी करिब ४० जना कलाकारले 'सारङ्गीमा देश'मार्फत् सिङ्गो मुलुकलाई मञ्चमा उपस्थित गराउन सफल भए ।

कार्यक्रम संयोजक प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोक कुमार राई भन्दै हुनुहुन्थ्यो, "बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक नेपालको सङ्गीत र नाट्य क्षेत्रका कलाकारहरूलाई प्रोत्साहित गर्न, सामूहिक सहकार्य तथा अन्तक्रियाको अवसर प्रदान गर्न पनि यस प्रकारको कार्यक्रम आयोजना गरेका हौँ ।"

कार्यक्रम सफलताको खुशी प्राज्ञपरिषद् सदस्य राईको अनुहारमा स्पष्ट देख्न सकिन्थ्यो उता सारङ्गी–वादन संयोजक भरत नेपाली र ताल–वादन संयोजक भरत बुढाथोकी र नरेश महर्जन पनि प्रज्ञा–प्रतिष्ठानले पहिलो आयोजना गरेको यस प्रकारको कार्यक्रममा जोडिन पाएको हर्षानन्दित देखिनुहुन्थ्यो ।

नामै सामूहिक वाद्यवृन्द अर्को भाषामा नेपाली अर्केष्ट्राको प्रस्तुतिजस्तै थियो यो कार्यक्रम । त्यसैले यस कार्यका लागि ख्यातिप्राप्त वाद्यवादकहरूको सहभागिता रहेको थियो । जसमा सारङ्गी वादनमा वर्त गन्धर्व, अरूणा गन्धर्व, सन्तोष पाठक, सञ्जोक मल्ल, किरण महर्जन, राजु महर्जन, विजय तामाङ, डेनियल क्रिष्टिफर सुब्बा, आयुष्मा जोशी, राहुल मानन्धर, मौसम सुनुवार, सरूण मानन्धर, खुम के.सी., दिपेश नेपाली, सबिन लिम्बु, र प्रो. चिकारा मेइदा (जापानी नागरिक) सहभागी थिए । त्यसै गरी बाँसुरी वादनमा रत्न बि.क.. सनाईमा धनबहादुर गुरूङ, तालवादनमा खड्ग बुढा, अनिल श्रेष्ठ, पोषण घर्ती र राम मगराती, टुङ्ना वादनमा लोकराज राई र मुर्चुङ्गा, पात, चरीबाजा वादनमा हिरन राई रहेका थिए ।

कोरस गायनमा कला राई, मेनुका राई, निशा आङ्देम्बे, रमा थापा, गङ्गा राई, सञ्जय तुम्रोक, सुशन साम्सोहाङ र सीता सिङ्घक रहेका थिए ।

कार्यक्रममा सङ्घीय संसद् तथा राष्ट्रिय सभाका सदस्यहरू, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका पदाधिकारी, नेपाल प्रज्ञा प्रतिष्ठान तथा नेपाल ललितकला प्रतिष्ठानका पदाधिकारीहरू, प्राज्ञपरिषद् सदस्यहरू, संस्कृति मन्त्रालयका सचिव, सहसचिव, साङ्गीतिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, साहित्यिक तथा कला साधकहरू तथा सङ्गीत प्रेमी दर्शकहरूको उल्लेख्य उपस्थिति रेहेको थियो । कार्यक्रमलाई प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिले सञ्चालन गर्नु भएको थियो ।

# एक महिने स्टाफ नोटेसन तालिम



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा सङ्गीत साधना प्रतिष्ठान इटहरीले मिति २०७६ जेठ ११ गतेदेखि आषाढ १२ गतेसम्म एक महिना स्टाफ नोटेसन तालिम सम्पन्न भएको छ । जेठ ११ गते एक औपचारिक कार्यक्रमको आयोजना गरी तालिमको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा प्रमुखअतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले सङ्गीतको वर्णमालाको रूपमा लिइने स्टाफ नोटेसनको लेख्य परम्परा नेपाली सङ्गीतमा हुनुपर्ने र त्यसका लागि यस्ता तालिमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा प्राध्यापक बद्रीविशाल पोखरेल, सङ्गीत साधना प्रतिष्ठानका अध्यक्ष राम धामी लगायतको पनि उपस्थिति रहेको थियो ।

एक महिनासम्म चलेको तालिममा विशेष गरी प्रदेश नं. १ अन्तर्गत् विराटनगर, इटहरी, धरान, बेलबारी, दमक, झुम्का लगायतका विभिन्न क्षेत्रका सङ्गीतमा चासो राख्ने ४५ जना सङ्गीतकर्मीले सहभागिता जनाएका थिए । तालिम विहान र दिउँसो गरी दुई सिफ्टमा सञ्चालन गरिएको थियो । यस तालिमले पूर्वी नेपालका सङ्गीतकर्मीको ज्ञान तिखार्न सहयोग पुऱ्याएको सङ्गीत साधना प्रतिष्ठानका महासचिव राजु केसीले दाबी गरे ।

आषाढ १२ गते एक औपचारिक कार्यक्रम आयोजना गरी एक महिने लामो स्टाफ नोटेसन तालिम समापन गरिएको थियो । कार्यक्रममा प्रमुखअतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो । कुलपति रायनले सफलतापूर्वक तालिम सञ्चालन गरेकोमा सङ्गीत साधना प्रतिष्ठानलाई धन्यवाद् दिनु हुँदै तालिममा सहभागी सङ्गीतकर्मीलाई शुभकामना समेत दिनु भएको थियो । कार्यक्रम सङ्गीत साधना प्रतिष्ठान इटहरीका अध्यक्ष राम धामीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# अमूर्त सांस्कृतिक सम्पदा दिवस मनाइयो

## लोपोन्मुख जाति, भाषा र संस्कृतिको संरक्षण गर्न सरकार प्रतिबद्ध



*प्रभातफेरिमा सहभागी हुँदै प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरू ।*

काठमाडौँ । संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको आयोजनामा अमूर्त सांस्कृतिक सम्पदा दिवस अक्टुबर १७ भव्य रूपमा मनाइएको छ । उक्त अवसरमा प्रभातफेरि कार्यक्रम समेत आयोजना गरियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईसमेत सम्मिलित प्रभातफेरिमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, सांस्कृतिक संस्थान लगायत मन्त्रालय सम्बद्ध सङ्घसंस्थाका पदाधिकारी, संस्कृतिकर्मी र कर्मचारीहरूको सहभागिता रहेको थियो । विभिन्न सांस्कृतिक झाँकी सहितको उक्त प्रभातफेरि बिहान ८ बजे नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपबाट सुरू भई भद्रकाली, सहिदगेट, रत्नपार्क हुँदै जमलस्थित राष्ट्रिय नाचघरमा पुगेर औपचारिक समारोहमा परिणत भएको थियो ।

सांस्कृतिक संस्थान जमलको सत्यमोहन प्रेक्षालयमा आयोजित औपचारिक समारोहलाई प्रमुखअतिथि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईले पानसमा दिप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको थियो । समारोहलाई सम्बोधन गर्दै मन्त्री भट्टराईले १२३ भन्दा बढी जाति र १२५ भन्दा बढी भाषा रहेको नेपाल वास्तवमै सांस्कृतिक रूपमा समृद्ध रहेको दोहोऱ्याउनु भयो । जनसङ्ख्याको दृष्टिमा सबै अजाति अल्पमतमा रहेको हाम्रो मुलुकमा अक्षुण्ण रूपमा सांस्कृतिक, धार्मिक, सामुदायिक सहिष्णुता कायम रहँदै आएको स्मरण गराउँदै लोपोन्मुख जाति, भाषा र संस्कृतिको संरक्षण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । सबै भाषा, जाति र संस्कृतिको संरक्षण र संवर्द्धनका लागि सरकारले संवैधानिक अङ्गहरू र प्रतिष्ठानहरूको व्यवस्था गरेको स्पष्ट पार्दै नेपालको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र त्यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सरकारसँगै सबन्धित समुदाय र जनस्तरबाट स्थापित सङ्घसंस्थाहरू पनि उत्तिकै संवेदनशील भएर लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले अमूर्त संस्कृतिको महत्त्वबारे उदाहरण दिँदै भन्नुभयो, "अहिले भूकम्पले क्षतिग्रस्त कतिपय ऐतिहासिक सम्पदाहरू पुनर्निमाण गर्न कालिगढहरूको अभाव छ । त्यसैले नयाँ पुस्तामा अमूर्त संस्कृति हस्तान्तरण महत्त्वपूर्ण छ ।"

कार्यक्रममा शताब्दी वाङ्मय पुरुष संस्कृतिविद् सत्यमोहन जोशीले मूर्त संस्कृतिसँगै अमूर्त संस्कृति सम्पदाको संरक्षण, संवर्द्धन गर्न र नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि राष्ट्रिय जागरण आवश्यक रहेको औंल्याउनुभयो । समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय सङ्कल्पलाई पूरा गर्ने हो भने संस्कृति क्षेत्रमा लगानी गर्न सरकारको ध्यानाकर्षण गराउँदै उहाँले जोड दिनुभयो, "यो क्षेत्रमा लगानी गरे खेर जाँदैन ।"

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सुरेश आचार्यले कार्यक्रममा स्वागत गनु हुँदै अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि सचेतना अभिवृद्धि गर्ने, सामुदायिक सहभागिता बढाउने अभिप्रायले कार्यक्रम आयोजना गरिएको स्पष्ट पार्नुभयो । कार्यक्रममा वरिष्ठ संस्कृतिविद् तलुसी दिवस, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन), नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य, भाषा आयोगका अध्यक्ष लवदेव अवस्थी लगायत अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा विभिन्न लोकनृत्य पनि प्रस्तुत गरिएको थियो । सांस्कृतिक संस्थानका कलाकारले आर्यतारा, टप्पा, कौरा, शेर्पा, धिमे लोकनृत्य प्रस्तुत गरेका थिए भने थारूजातिको झुम्रा र सुनुवार जातिको ष्याँदर नृत्य सम्बन्धित जातिकै कलाकारहरूले प्रस्तुत गरेका थिए ।

स्मरण रहोस्, मौखिक भाषा, साहित्य, अभिनयकला, सामाजिक व्यवहार, परम्परागत कलाकौशल आदिलाई युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदाभित्र परिभाषित गरी यस सम्बन्धी अभिसन्धी सन् २००३ पारित गरेको हो, साथै अक्टुबर १७ लाई अमूर्त सम्पदा दिवशको रूपमा मनाउन थालेको हो । सन् २०१० मा नेपाल यस अभिसन्धिको पक्षराष्ट्र भएपछि यो दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदै आएको छ ।




# धनगढीमा पहिलोपल्ट राष्ट्रिय सङ्गीत महोत्सव

अन्तर्राष्ट्रिय सङ्गीत दिवसको अवसर पारेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको सङ्गीत विभागले सुदूर पश्चिम प्रदेशमा राष्ट्रिय सङ्गीत महोत्सव–२०७६ भव्य रूपमा सम्पन्न गरेको छ । २०७६ साल असार ६ र ७ गते दुई दिन कैलाली जिल्लाको सदरमुकाम धनगढीमा आयोजना गरिएको उक्त महोत्सवमा स्थानीयसँगै राष्ट्रिय स्तरका कलाकारको सानदार प्रस्तुति रहेको थियो ।

महोत्सवको पहिलो दिन असार ६ गते बिहान ९:३० बजे स्थानीय नृत्य सहित धनगढी चौराहादेखि ओम प्यालेससम्म प्रभातफेरी भएको थियो । यस प्रभातफेरिमा सङ्गीत महोत्सवका लागि देशका विभिन्न क्षेत्रबाट आएका कलाकार, अतिथि, स्थानीय कलाकार एवम् विभिन्न झाँकी प्रदर्शन गरिएको थियो ।

दिउँसो ११ बजे स्थानीय ओम प्यालेसमा सुदूर पश्चिमाञ्चल प्रदेशका सामाजिक विकास मन्त्री कृष्णराज सुवेदीले पानसमा बत्ती बालेर औपचारिक रूपमा सङ्गीत महोत्सवलाई प्रमुखअतिथिको हैसियतमा उद्घाटन गर्नुभयो । प्रमुखअतिथि सुवेदीले राष्ट्रिय सङ्गीत महोत्सव आयोजना गरेकोमा प्रज्ञा–प्रतिष्ठानप्रति खुशी प्रकट गर्दै सुदूर पश्चिम प्रदेशले बृहत् देउडा महोत्सव आयोजना गर्न लागेको जानकारी समेत दिनुभयो । साथै उहाँले नेपालको सङ्गीत तथा नाट्य क्षेत्रको विकासका लागि प्रज्ञा–प्रतिष्ठानसँग निरन्तर सहकार्य गर्ने प्रतिबद्धतासमेत जाहेर गर्नुभयो ।



"महोत्सवले सुदूरपश्चिम प्रदेशका कलाकारको प्रतिभा विकासमा टेवा"

**प्राज्ञ अशोककुमार राई**

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोककुमार राईले महोत्सवले सुदूरपश्चिम प्रदेशका कलाकारको प्रतिभा विकासमा टेवा पुगोस् भनी प्रज्ञा–प्रतिष्ठानले यस क्षेत्रलाई प्राथमिकताको सूचीमा अघि राखेको स्पष्ट पार्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठले सङ्गीत -नाटकका कार्यक्रमका माध्यमबाट समग्र नेपाली संस्कृतिको विकासका लागि प्रज्ञा–प्रतिष्ठान लागिपरेको बताउनुभयो । उहाँले एकैपटक धेरै कार्यक्रम सञ्चालन भइरहेको र संस्थाले विभिन्न स्थानमा कार्य गर्दा जनशक्ति छरिए पनि बढी भन्दा बढी सार्थक कार्य गर्नका लागि कटिबद्ध भएको विचार राख्नुभयो ।

कार्यक्रममा धनगढी उपमहानगरपालिकाका प्रमुख नृप ओडले भर्खरै आँधीहुरीबाट प्रभावित भएको सन्दर्भ उठाउँदै आँधीहुरीले आक्रान्त धनगढीलाई सङ्गीत महोत्सवले उल्लासित बनाएकोमा खुशी व्यक्त गर्नुभयो । सुदूर पश्चिमाञ्चल प्रदेश सभा सदस्य पूर्णा जोशीले यस क्षेत्रमा यस किसिमको कार्यक्रम पहिलोचोटि भएकोले ऐतिहासिक रहेको धारणा राख्नुभयो । कार्यक्रममा जनसांस्कृतिक महासङ्घका अध्यक्ष खगेन्द्र राईले यस प्रकारका कार्यक्रमले यस क्षेत्रकै साङ्गीतिक क्षेत्रमा ऊर्जा थप्ने भन्दै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको प्रशंसा गर्नुभयो ।

कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापा, वरिष्ठ कलाकार जीवन शर्मा, लोचन भट्टराई,






नेपाली गीत सङ्गीतका अनुसन्धानकर्ता डा. पुष्करराज भट्ट, हेमन्त विवश, नेपाल सङ्गीत नाट्य प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ सभासदस्य चाँदनी मल्ल, सुप इन्टरिमेन्ट हाउस प्रालिका अनुप चन्द, राजनीतिकर्मी यज्ञराज बास्तोला, रणबहादुर चन्द, लालबहादुर सोडारी लगायतका अतिथि हुनुहुन्थ्यो ।

## स्थानीयदेखि राष्ट्रियस्तरसम्मका कलाकारको प्रस्तुति

महोत्सवमा स्थानीयदेखि राष्ट्रिय स्तरसम्मका विभिन्न कलाकारले आफ्नो प्रस्तुति दिएका थिए । सुदूर पश्चिम प्रदेशका कलाकार ध्वज महराको शुरुवाती प्रस्तुति रहेको थियो । त्यसपछि बागिना कला केन्द्र, धनगढीको नृत्य एवम् सुदूर पश्चिम प्रदेशका कलाकार मञ्जु महताले आफ्नो गायन प्रस्तुत गर्नुभयो । त्यसै गरी यसै प्रदेशका सङ्गीता चौधरी, निरज बि.क. र जीवन बडुले गायन र अभिषेक चौधरी समूहले सामूहिक नृत्य प्रदर्शन गर्नुभयो भने प्रदेश नम्बर दुईका विश्वनाथ झा र गण्डकी प्रदेशका सन्तोष बस्यालले गीत प्रस्तुत गर्नुभयो । प्रदेश नम्बर तीनबाट गायिका लक्ष्मी गुरुङ, विपिन घिमिरे र आकाश थापाले आफ्नो गायन प्रस्तुत गर्नुभयो । त्यसै गरी प्रदेश नम्बर एकबाट सञ्जय तुम्रोक र वरिष्ठ गायिका लोचन भट्टराईले पनि आफ्नो गायन प्रस्तुत गर्नु भएको थियो । यस कार्यक्रममा सांस्कृतिक संस्थानको टोलीको समेत सहभागिता रह्यो । संस्थानका हरिप्रसाद खतिवडाको बाँसुरी वादनले कार्यक्रममा रौनकता थपेको थियो । कार्यक्रममा लोकप्रिय गायिका लोचन भट्टराईले आफ्नो समुधुर प्रस्तुतिले सबैको मन लोभ्याउनु भएको थियो । कार्यक्रमका आकर्षक व्यक्तित्व जनगायक जीवन शर्माले जनपक्षीय गीतका माध्यमबाट हलमा भएका सबैलाई प्रभावित गर्नाका साथै उपस्थित सबैलाई नचाउने कार्य समेत गर्नु भएको थियो ।

त्यसै गरी बागिना कला केन्द्र, धनगढीबाट सामूहिक नृत्य र नेपाल सङ्गीत तथा नाटय प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञ सभासदस्य चाँदनी मल्लको गायनले पनि दर्शकको मनलाई उत्तिकै लोभ्याएको थियो ।

कार्यक्रम प्राज्ञपरिषद्सदस्य अशोक कुमार राईको अध्यक्षता र भुवन रिजालले उद्घोषणमा सम्पन्न भएको थियो । सुप इन्टरिमेन्टल हाउस प्रालि, धनगढी सहआयोजक रहेको थियो ।

## विचार गोष्ठी सम्पन्न

राष्ट्रिय सङ्गीत महोत्सव–२०७६ को दोस्रो दिन स्थानीय टेम्पल रिसोर्टको सभाकक्षमा विचार गोष्ठीको आयोजना गरियो । विचारगोष्ठीलाई नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान प्रज्ञा–प्रतिष्ठानका पूर्व प्राज्ञ सभासदस्य नरेन्द्रराज रेग्मीले अध्यक्षता गर्नु भएको थियो । कार्यक्रमका प्रमुखअतिथि जनसांस्कृतिक महासङ्घका संयोजक खगेन्द्र राईले लेखक साहित्यकारको तुलनामा कला–सङ्गीत क्षेत्रका प्रतिभाको विकासका लागि राज्य र समाजले कम ध्यान दिएको बताउँदै यसतर्फ सबैले ध्यान पुर्‍याउनुपर्ने बताउनुभयो । यस क्षेत्रका कलाकारले अरूको मुख ताक्ने भन्दा पनि स्थानीय निकाय, सङ्घसंस्थासँग सहकार्य गर्दै आफ्ना लागि आफैले सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोक कुमार राईले नेपालको सङ्गीत र नाट्यको इतिहासको खोजी र वर्तमानको विश्लेषणतर्फ प्रज्ञा–प्रतिष्ठानले ध्यान केन्द्रित गरेको बताउनुभयो । सभाध्यक्ष नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका पूर्व प्राज्ञसभा सदस्य नरेन्द्रराज रेग्मीले यस किसिमका कार्यक्रमको निरन्तरताले नेपालको साङ्गीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास राख्नुभयो । गोष्ठीमा गोष्ठीमा हेमन्त विवशले 'आधुनिक गीतसङ्गीतमा सात नम्बर प्रदेशको अवस्था' शीर्षकको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा यस क्षेत्रमा आधुनिक गीतसङ्गीतको अवस्था र यस क्षेत्रका कलाकारका सबल पक्षका साथै उनीहरूले भोग्नुपरेका समस्याका विषयमा प्रकाश पारिएको थियो । विज्ञ डा. पुष्करराज भट्टले कार्यपत्रमाथि टिप्पणी राख्ने क्रममा कार्यपत्रमा शोधविधिको अबलम्वनमा समस्या रहेको विचार राख्नुभयो । उहाँले कार्यपत्रलाई जानकारीमूलक भन्दा पनि प्रवृत्तिको विश्लेषणतर्फ केन्द्रित गरेको भए महत्त्व अझ बढ्ने सुझाउनुभयो । गोष्ठीमा गुणाकर पनेरू, पिके नारायण लगायतकाले यस क्षेत्रका कलाकारका समस्या र आफ्ना अपेक्षासँग सम्बन्धित भएर आफ्ना विचार राख्नुभएको थियो । गोष्ठीलाई भुवन रिजालले सञ्चालन गर्नु भएको थियो ।



# 'नेपाली सङ्गीतः दशा र दिशा' विषयक छलफल

## नेपाली सङ्गीतको खोजी

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको आयोजनामा २०७६ साल असार १७ गते मङ्गलबारका दिन कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को अध्यक्षतामा 'नेपाली सङ्गीत : दशा र दिशा' विषयक बृहत् विचार विमर्श कार्यक्रम सम्पन्न भयो । सो क्रममा अधिकांश वक्ताले नेपाली सङ्गीतको पहिचान गर्नुपर्ने बताउनुभयो ।

प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले प्रस्तुत गर्नु भएको 'नेपाली सङ्गीत : दशा र दिशा' विषयक अवधारणा पत्रबारे बोल्दै संस्कृतिविद् तुलसी दिवसले नेपाली सङ्गीत, वर्तमान अवस्था र समस्या समाधानका उपाय शीर्षकका अनुसन्धान हुन जरूरी रहेको बताउनुभयो । उहाँले नेपाली सङ्गीतलाई परिभाषित गर्दै, "नेपालभित्र बसोबास गर्ने १२५ जातजाति र १२३ भाषाभाषीका गीत सङ्गीत नेपाली सङ्गीत हो भनी बुझ्नुपर्छ" भन्नुभयो । नेपाली गीतसङ्गीतमा नेपालीत्व र नेपालीपन हुनुपर्ने बताउनुभयो । अवधारणा पत्रको विषयमा बोल्दै उहाँले सम्पूर्ण कुराहरू नआएको र निरन्तरको छलफलले पूर्णता दिनुपर्ने बताउनुभयो । फेरि थप्दै उहाँले सिर्जना गर्दा मौलिकता र नवीनतालाई ध्यान दिनुपर्ने बताउनुभयो । लोकगीत भनेर सम्पूर्ण लोकगीतलाई नसमेट्ने र भूगोलअनुसार हिमाल, पहाड, तराईका लोकगीतमा भिन्नता रहेको प्रष्ट पार्नुभयो ।

सङ्गीतकर्मी डा. ध्रुवेशचन्द्र रेग्मीले शास्त्रीय सङ्गीतलाई भारतको सङ्गीत भनेर बुझिने गरेकोमा आपत्ति जनाउँदै शाास्त्रीय सङ्गीत हिमवत् खण्डबाट सुरु भई पछि भारतमा प्रवेश गरेको दाबी गनुभयो । शास्त्रीय सङ्गीतलाई दक्षिण एसियाली शास्त्रीय सङ्गीत भनेर पुनः नामकरण गर्नुपर्ने उहाँको राय थियो । उहाँले शास्त्रीय सङ्गीतमा योगदान दिने श्रष्टाहरूलाई नछुटाई यसको प्रवर्द्धनमा प्रतिष्ठानलाई संवेदनशील हुन आग्रहसमेत गर्नुभयो ।

सङ्घीय संसद विजय सुब्बाले प्रगतिशील या गैरप्रगतिशीलको नाममा एक पक्षीय अवधारणा नबनाई समग्र नेपाली सङ्गीतलाई समेट्नुपर्ने बताउनुभयो । सङ्गीतकर्मी विश्व बल्लभले नेपाली सङ्गीतको दशा र दिशाको खोजी गर्नु भन्दा पहिला नेपाली सङ्गीतलाई परिभाषित गर्न जरूरी रहेको बताउनुभयो । नेपालीका भोजपुरी, मैथिली, थारू लगायत अन्य आदिवासी जनजातिका गीतसङ्गीतलाई पनि विशेष प्राथमिकता दिनु पर्ने उहाँको जोड थियो । दिनुभयो । त्यसै गरी जनवादी गायक जीवन शर्माले पनि नेपाली भाषाका मात्र नभई तामाङ, शेपा, थारू, मिथिला लगायतका समुदायले गीतसङ्गीतको विकास कसरी गर्दै ल्याए भन्ने विषयमा समेत प्रतिष्ठानले गहन अनुसन्धान र खोजी गर्न आवश्यक रहेको बताउनुभयो ।

गीतकार पारस मुकारूङले हिमाल, पहाड, तराई, पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका सङ्गीतलाई समेट्न सके मात्रै नेपाली सङ्गीत भन्न उपयुक्त हुने सल्लाह समेत दिनुभयो । सङ्गीतकार सङ्घका अध्यक्ष चुडामणि देवकोटाले गीतसङ्गीत पहिचानसँग पनि सम्बन्धित रहेको बताउँदै हाम्रो कला, संस्कृति नै हाम्रो पहिचान हो भन्नुभयो । गीत रचना गर्दा अङ्कुश लगाउन नहुने तर स्वअनुशासनमा रही रचना गर्दा त्यसले समाजमा सकारात्मकताको विकास गर्ने उहाँको जोड थियो ।



*कार्यपत्र प्रस्तुत गर्दै सदस्यसचिव श्यामप्रकाश तमोट*

प्रसिद्ध देउडा गायक नन्द कृष्ण जोशीले देउडा संस्कृति नसमेटी नेपाली सङ्गीत अधुरो हुने भएकाले सुदूरपश्चिम प्रदेशमा सङ्गीत सम्बन्धी विचार गोष्ठी सञ्चालन गर्न आग्रह गर्नुभयो ।

छलफलका क्रममा वरिष्ठ जनवादी सङ्गीतकर्मी रामेश श्रेष्ठले प्रतिष्ठानले स्रस्टा कल्याणकारी कोष खडा गर्नुपर्ने सुझाव दिनुभयो । संस्कृति मन्त्रालयका पूर्वमन्त्रीसमेत रहेका गीतकार शङ्करप्रसाद कोइरालाले नेपाली सङ्गीतले व्यवसायिक फड्को मार्दै गएकोले लगानी सुनिश्चितताका लागि प्रतिष्ठानको ध्यानाकर्षण गराउनुभयो ।

गीतकार डा. कृष्णहरि बरालले अवधारणा पत्र भ्रम सिर्जना गर्ने खालको नभई स्पष्ट हुनुपर्ने टिप्पणी गर्नुभयो । उहाँले अवधारणा पत्रको एक अनुच्छेदमा सङ्गीतको प्रारम्भ ब्रम्हाबाट भएको भनिएको र अर्कोमा प्रकृतिबाट भनिएकोले भ्रम सिर्जना गर्ने बताउनुभयो । अर्को वक्ता गीतकार राजेन्द्र थापाले नारायण गोपाल, नातिकाजी लगायतका स्रष्टाको नाम अवधारणा पत्रमा छुटेको भन्ने सन्दर्भमा उहाँहरू नेपाली सङ्गीतको इतिहास भएको बताउनुभयो ।

वरिष्ठ सङ्गीतकार दिपक जङ्गमले यस्ता छलफल कार्यक्रम गर्दा सम्बन्धित विज्ञलाई अगाडि नै जानकारी गराउनुपर्ने र यस क्षेत्रका समस्या र चुनौतीलाई विज्ञसँग छलफल गरी समाधान गर्नुपर्ने सुझाउनुभयो ।

समाचार

# कर्मचारी सङ्घ तेश्रो वर्षमा प्रवेश




काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान कर्मचारी सङ्घ तेश्रो वर्षमा प्रवेश गरेको छ । यस अवसरमा यही मिति २०७६ साल साउन २४ गते शुक्रबार दोश्रो वार्षिक उत्सव कार्यक्रम आयोजना गरियो ।

यस अवसरमा कार्यक्रमका प्रमुखअतिथि पूर्वसंस्कृति मन्त्री डा. मिनेन्द्र रिजालले कर्मचारी सङ्घलाई शुभकामना दिनु हुँदै विभिन्न जनआन्दोलनमा व्यक्त भावना अनुरुप नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान स्थापना गरिएको स्मरण गराउनुभयो । कतिपय सन्दर्भमा एउटै प्रज्ञा–प्रतिष्ठानअन्तर्गत् सबै प्रज्ञा–प्रतिष्ठानलाई गाभिनुपर्ने विवादास्पद प्रसङ्ग बेलाबेला उठ्ने गरेकोतर्फ समेत ध्यानाकर्षण गराउँदै उहाँले आफू संस्कृतिमन्त्री भएको बेला सम्बन्धित क्षेत्रका सरोकारवालाहरूको भावना अनुरुप २०६७ सालमा छुट्टाछुट्टै प्रज्ञा–प्रतिष्ठान गठन गरिएको स्पष्ट पार्नुभयो । उहाँले प्रज्ञा–प्रतिष्ठानहरूलाई एक ठाउँमा गाभ्ने नभई छुट्टाछुट्टै अस्तित्वमा कायम राखेर सकभर प्रदेश तहमा पनि विस्तार गर्न सके सङ्घीयताको अभ्यासले सार्थकता पाउने बताउनुभयो । कार्यक्रमका विशिष्ट अतिथि प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले कर्मचारी र व्यवस्थापन पक्षको सम्बन्ध नङ र मासुजस्तै अन्योन्याश्रित हुने भन्दै कर्मचारी सङ्घ दोश्रो वर्षमा प्रवेश भएकोमा शुभकामना दिनु भएको थियो । त्यसै गरी विशिष्ट अतिथि उपकुलपति हरिहर शर्माले कर्मचारीको वृत्ति विकास, पेशागत हकहित र संस्थाको स्थायी भौतिक पूर्वाधारको जगमा मात्र कुनै पनि संस्थाले स्थायित्व र प्रगति हासिल गर्ने भन्दै प्रज्ञा–प्रतिष्ठान त्यसतर्फ अग्रसर रहेको बताउनुभयो । कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले सरकारले सबै प्रज्ञा–प्रतिष्ठानहरू र सम्बन्धित अन्य सरकारी निकायहरूको समेत स्वतन्त्र अस्तित्वलाई अविच्छिन्न रूपमा निरन्तरता दिनुपर्नेमा सङ्घ कटिबद्ध रहेको बताउनुभयो । कार्यक्रममा नेपाल सार्वजनिक सेवा कर्मचारी सङ्घका अध्यक्ष जनार्दन भट्टराई, खेलकुद परिषद् कर्मचारी सङ्घका अध्यक्ष रञ्जन थापा र कर्मचारी सङ्घका सल्लाहकार ध्रुव वाग्लेले सङ्घलाई तेश्रो वर्षमा प्रवेश गरेकोमा शुभकामना दिनु भएको थियो । कार्यक्रममा कर्मचारी सङ्घका सचिव जगदिश सापकोटाले कार्यक्रमबारे स्पष्ट पार्नुभएको थियो भने सङ्घका सदस्य नेत्र भुजेलले स्वागत मन्तव्य राख्नु भएको थियो । सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्यहरू, प्राज्ञसभा सदस्यहरू, सङ्घका सल्लाहकारहरू र कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम कर्मचारी सङ्घका सदस्य सार्थक महराले सञ्चालन गर्नु भएको थियो ।

त्यसै गरी, कार्यक्रममा बोल्दै रामप्रसाद तिवारीले मनोरञ्जन मात्र सङ्गीतको उद्देश्य बन्दै गएको र साङ्गीतिक क्षेत्रमा भित्रिएको अश्लिलताको विषयमा चिन्ता व्यक्त गर्नुभयो ।

शिक्षाकर्मी मुकुन्द शर्माले नेपालभित्र मात्र सीमित नभई आसाम, भूटान र हङकङका नेपाली भाषीको सङ्गीतलाई पनि छुटाउन नहुने बताउनुभयो । गीतकार विपिन किरणले नेपाली सङ्गीतको दशाको कुरा गर्दा प्रतिलिपि अधिकारलाई पनि जोड्नै पर्ने बताउनुभयो । छलफलमा रमण घिमिरे, खगेन्द्र राई, प्राज्ञ सकुन्तला प्रधान, प्राज्ञ माधव प्रधान, शम्भु राई, रमेशप्रसाद कोइराला, संस्कृति मन्त्रालयका सह-सचिव भरतमणि सुवेदी, प्राज्ञ उदय श्रेष्ठ, रामकृष्ण दुवाल, प्रदिप बमजमले पनि आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

छलफलमा करिब ८० जना नेपाली साङ्गीतिक क्षेत्रका श्रस्टा, सर्जक, प्रतिष्ठानका पूर्व पदाधिकारी लगायत नेपाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधिको सहभागिता रहेको थियो ।

कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले पानसमा दियो बालेर उद्घाटन गर्नु भएको कार्यक्रममा आगन्तुक स्रस्टा, सर्जकलाई उपकुलपति हरिहर शर्माले मन्तव्यद्वारा स्वागत गर्नु भएको थियो । उपकुलपति शर्माले मन्तव्यका क्रममा विभिन्न कठिनाइका कारण अघिल्लो कार्यकालमा तय भएका वार्षिक कार्यक्रमलाई छोटो समयमै सम्पन्न गर्नु परेको बाध्यता सुनाउँदै सम्पन्न भएका कार्यक्रम बारेमा जानकारीसमेत दिनु भएको थियो ।

छलफलका क्रममा प्रतिष्ठानसँग भौतिक संरचना नहुनुले पनि सङ्गीत र नाट्यको विकासमा बाधा पुगेकोमा स्रस्टाहरूको मतैक्य रहेको थियो । अन्त्यमा छलफल कार्यक्रमलाई समापन गर्दै कुलपति श्रेष्ठले सबै स्रष्टाको साझा प्रतिष्ठान भएकाले सबैको सल्लाहसुझाव लिई अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कुलपति श्रेष्ठले परिचयपत्र वितरणको कार्य थप व्यवस्थित र मर्यादित बनाएर लैजाने पनि उल्लेख गर्नुभयो ।

## प्राज्ञ कोइरालाद्वारा भानुभक्तीय रामायण वाचन



काठमाडौं । २०७६ आसर २९ पोखरामा आयोजित २०६ औं भानु जयन्ती समारोहमा यस प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाले भानुभक्तीय रामायण वाचन गर्नु भयो । भानु वाङ्मय प्रतिष्ठानले पोखराका विभिन्न सङ्घसंस्थासँग समन्वय गरी आयोजना गरेको उक्त बृहत् कार्यक्रममा प्राज्ञ कोइराला विशेष अतिथिको रूपमा निमन्त्रित हुनुहुन्थ्यो । उहाँले भानुभक्तीय रामायणका श्लोक वाचनसँगै आदिकवि भानुभक्तको बारेमा समेत प्रकाश पार्नु भएको थियो । कार्यक्रममा प्रमुखअतिथि गण्डकी प्रदेश प्रमुख बाबुराम कुँवर हुनुहुन्थ्यो भने विभिन्न राजनीतिक दलका प्रतिनिधि, आमा समूह, विभिन्न साहित्यिक सङ्घ संस्थाका अध्यक्ष, सुरक्षा निकायका प्रमुखको ठूलो उपस्थिति रहेको थियो । कार्यक्रम संस्थाका अध्यक्ष नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका पूर्व कुलपति सरूभक्त श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो ।

# 'गीतले समाजमा पार्ने असर' विषयक विचार गोष्ठी सम्पन्न




नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा गीतकार सङ्घ नेपालले 'गीतले समाजमा पार्ने असर' विषयक विचार गोष्ठी २०७६ साल असार २६ गते विहिबार नेपाल प्रज्ञा–प्रतिष्ठान कमलादीमा सम्पन्न गऱ्यो ।

गीतसङ्गीत, समाजशास्त्र र विभिन्न विधासँग सम्बन्धित करिब २ सय जना विद्वत् वर्ग सहभागी उक्त गोष्ठीमा गीतले मानव समाज, राजनीति, अर्थव्यस्वस्था, चिकित्सा र संस्कृतिमा पार्ने विभिन्न असरबारे गहन छलफल भएको थियो । गीतकार प्रा.डा. विष्णु राईले विचार गोष्ठीमा यस विषयक कार्यपत्र प्रस्तुत गर्ने क्रममा उन्नाईसौं शताब्दीका जर्मन दार्शनिक जोनाथन कुलरका अनुसार गीतले राजनीतिक, सामाजिक, आर्थिक, विकास/वातावरणीय र सांस्कृति प्रभाव पार्ने भन्दै त्यसलाई नेपाली सन्दर्भमा उदाहरण दिँदै चर्चा गर्नु भएको थियो ।

उहाँले २००७ सालमा गाइएको 'पानी पऱ्यो असिना बर्सेला, जेलमा पऱ्यो बिपी कोइराला' र २०२१ सालमा राल्फा समूहले गाएको 'गाउँ गाउँबाट उठ...' गीतको उदाहरण दिँदै गीतले राजनीतिक चेतना जागृत गर्ने र परिवर्तनको संवाहको रूपमा भूमिका खेल्ने बताउनुभयो । यस कुमारले गाएको 'मैले छोएको पानी चल्दैन...' गीतको उदाहरण दिँदै सामाजिक कुरीति, अभाव, दमन, शोषण, जातिवाद, वर्गीय विभाजन, राजनीतिक दादावाद र हिंसा जस्ता अमानवीय दूराग्रहका विरूद्धमा गीतले चेतना जागरण गर्ने गरेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

त्यस्तै आर्थिक विपन्नता, गरिबी, भोक, रोगले ग्रसित कारूणिक दुर्दशालाई पनि गीतले मल्हम लगाउने उहाँको कार्यपत्रले उल्लेख गऱ्यो । प्रसिद्ध लोकगायक झलकमान गन्धर्वको 'आमाले सोध्लिन् नि, खोइ छोरो भन्लिन्...' चर्चित लोकगीतले यस्तै संवेदना बोक्ने उहाँको दाबी थियो ।

गीतले समाजको वर्तमान, अतीत र भविष्यको समेत व्याख्या गर्ने हुँदा यो समाज र गीत एकअर्कामा घनिष्ठ सम्बन्धमा रहने उहाँले बताउनुभयो । "लोकगीत जाति विशेष वा क्षेत्रगत वा विशेष सांस्कृतिक आधारमा प्रायः निर्माण भएको हुन्छ । लोकगीत रचनाले परमपरा, मानव उत्पत्ति, मृत्यु र आफ्नै सुखदुखलाई आत्मसात् गरेर जीवन निर्वाह गर्न सिकाएको हुन्छ ।" उहाँले कार्यपत्रको निष्कर्षमा गीत समाजको सभ्यता र विकासको मापन गर्ने स्केल समेत भएको बताउनुभयो ।

विचार गोष्ठीका प्रमुखअतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले गीतले समाजलाई जहिले पनि चेतनशील, नैतिकवान् र सभ्य बनाउन भूमिका खेल्ने बताउनुभयो । उहाँले राणाकालमा मेलवादेवीले गीत गाएर अन्तमा त्यही दरबारबाट निकालिएर भारतको कोलकत्तामा इहलीला समाप्त पार्नु परेको

# 'नेपाली सङ्गीत : समस्या र चुनौती' विषयक विचार गोष्ठी सम्पन्न

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा सङ्गीतकार सङ्घ नेपालले 'नेपाली सङ्गीत : समस्या र चुनौति' विषयक विचार गोष्ठी २०७६ साल असार २७ गते शुक्रबार सिडब्लु रेस्टुरेन्ट, कमलादीमा सम्पन्न गऱ्यो ।

विचार गोष्ठीमा वरिष्ठ सङ्गीतकार टीका भण्डारीले कार्यपत्र प्रस्तुत गुर्न भएको थियो । उहाँले वि.सं. १९६५ सालमा नेपालका प्रथम गायक सेतुराम श्रेष्ठले भारतको कोलकतामा नेवार भाषाको गीत रेकर्ड गरे यता सय वर्ष बढी समय व्यतीत गरेको नेपाली सङ्गीत अहिले विभिन्न समस्या र चुनौतीमा रहेको ठहर गर्नुभयो । उहाँले कार्यपत्रमा राणा शासनकालमा नेपालमा रेकर्डिङ स्टुडियो नहुँदा भारतमा गएर डिस्कमा गीत रेकर्ड गरी नेपाल ल्याई मित्रसेन, मेलवादेवी, मास्टर रत्नदास प्रकाश, उस्ताद साहिँला, हिनादेवी, उर्मिला देवीले त्यस ताका नेपाली सङ्गीतको जग राख्नमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख छ ।

२००७ सालमा स्थापना भएको रेडियो नेपालमा लाइभ गीत गाउन थालिनु, २०२२ सालमा रेडियो नेपालमा रेकर्डिङ स्टुडियो र २०२४ सालमा रत्न रेकर्डिङ संस्थानको स्थापना हुनुले स्वदेशमै गीत रेकर्ड गर्ने सुविधा प्राप्त भएर नेपाली गीतसङ्गीतले अर्को मोड लिएको चर्चा गर्नु भएको थियो ।

कार्यपत्रअनुसार यही समयमा आगमन भएका दर्जनौं प्रतिभाले नेपाली गीतसङ्गीतलाई गुणात्मक र मात्रात्मक रूपमा समेत नयाँ उचाइ दिलाए । २०४६ सालसम्म आइपुग्दा आधुनिक सङ्गीतको संरचना र शैलीको विकास भयो । परिष्कृत रचना, सङ्गीत र स्वरको आगमनसँगै विशिष्ट कलाकारको प्रवेशले अन्तराष्ट्रिय नेपाली बजारमा समेत प्रभाव विस्तार भएको थियो । त्यसै गरी सामाजिक सांस्कृतिक परिवर्तनमा समेत राल्फा, लेकाली, सङ्कल्पजस्ता समूहमा संलग्न प्रगतिशील कलाकारहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

नेपाली गीतसङ्गीत बारे गहन अनुसन्धानमा सक्रिय भण्डारीले कार्यपत्रमा २०४६ सालदेखि अहिलेसम्मको समयअवधि समस्या र चुनौतीग्रस्त रहेको विश्लेषण गर्नु भएको थियो । प्रविधिगत दृष्टिले अहिले काठमाडौँमा मात्र ८० वटा सङ्गीत स्टुडियो सञ्चालनमा रहेको, मासिक रूपमा १ हजार गीत रेकर्ड हुने, चर्चा गर्दै गीतले समाजपरिवर्तन तथा जनताको समृद्धि र सुखी जीवन प्राप्त गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो , "गीत सस्तो मनोरञ्जनमात्र नभएर देशलाई समृद्ध बनाउने आधार हो, देशको पहिचान हो ।"

कार्यपत्रमाथि डा. कृष्णहरि बराल, डा. नवराज लम्साल र डा. गीता त्रिपाठीले टिप्पणी गर्नु भएको थियो । डा. बरालले कार्यपत्र गीत गीतका लागि या जीवनका लागि लेखिनु पर्छ भन्नेमा स्पष्ट नभएको टिप्पणी गर्नुभयो । कला कलाका लागि कि जीवनका लागि भन्ने गैरमार्क्सवादी र मार्क्सवादीबीचको द्वन्द्वलाई उल्लेख गर्दै उहाँले चिनिया सांस्कृतिक क्रान्तिताका अनपढ, किसान मजदुरहरलाई बुझाउन माओले गीत र नाटकको प्रयोग गरेको दृष्टान्तलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

डा. गीता त्रिपाठीले कार्यपत्रमा शोधविधि र अनुसन्धान अपुरो रहेको भन्दै कार्यपत्रमा नारी विषयमा लेखिएका गीतहरूको बहुआयामिक महत्त्व र नारी श्रष्टाबारे छुट्टै चर्चा गरिनुपर्ने टिप्पणी गर्नुभयो ।

डा. नवराज लम्सालले कार्यक्रमको शीर्षक नै अमूर्त (भ्रम सिर्जना गर्ने) भएको भए पनि कार्यपत्रमा नेपालको विविधतापूर्ण लोकसङ्गीतको चर्चा गर्ने प्रयास प्रशंसनीय रहेको बताउनुभयो । उहाँले कार्यपत्रले गीतको इतिहासलाई तथ्यसङ्गत रूपमा समेट्नुपर्ने बताउनुभयो । गीतको इतिहासबारे चर्चा गर्दा गीतहरूको उत्पादन र प्रशारण गर्दै आएको रेडियो नेपाललाई बिर्सन नमिल्ने पनि उहाँको जोड रहेको थियो ।

> "गीत सस्तो मनोरञ्जनमात्र नभएर देशलाई समृद्ध बनाउने आधार हो ।"
>
> कुलपति नारायणभक्त श्रेष्ठ (रायन)

वरिष्ठ गीतकार राजेन्द्र थापाले गीतको प्रभाव बारे कुरा गर्दा नेपाली समाजभित्र मात्र या अन्तर्राष्ट्रिय क्षेत्रसम्म हो, स्पष्ट पार्नुपर्ने बताउनुभयो । कार्यपत्रमा ३० को दशकका गीतकारहरू छुटेको कार्यपत्रमा अमेरिकामा रहेको रेड इण्डियन सङ्गीतलाई आदिवासी सङ्गीत भनेर बुझिने भएकाले कार्यपत्रमा उल्लेखित आदिवासी गीतसङ्गीतलाई स्पष्ट पारिनुपर्ने उहाँको जोड थियो । गीतकार सङ्घ नेपालबाट डायोस्पोरा गीतकार २०७४ बाट पुरस्कृत स्रष्टा गीतकार जानुका राईले विदेशमा रहेका नेपाली गीतकारहरूले नै सङ्गीत व्यवसाय धानिरहेको दावी गर्दै कार्यपत्रमा कुनै उल्लेख नभएको भन्दै दु:ख प्रकट गर्नुभयो । जनसांस्कृतिक मञ्चका अध्यक्ष खगेन्द्र राईले गीतको प्रभाव मापन गर्ने विधि मनोरञ्जन र चेतरञ्जन अथवा भावना र मष्तिष्क हुने बताउनुभयो ।

प्रतिष्ठित गीतकार, गायक, सङ्गीतकार, प्रतिलिपि अधिकार रजिष्टार, रोयल्टी सङ्कलन समाज, नेपाल साङ्गीतिक सङ्घ, सङ्गीतकार सङ्घ, प्रस्तोता समाज, उत्पादक समाज लगायत सङ्गीतसम्बद्ध सरोकारवालाहरूको उपस्थिति रहेको कार्यक्रम अध्यक्ष चुडामणि देवकोटाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## "कार्यपत्रले दिशा निर्दिष्ट गरेका कुरा विज्ञसमूह बनाई कार्यान्वयन तहमा लैजाने"

**– सदस्यसचिव श्यामप्रकाश तमोट**



वार्षिक ४८ करोडको गीत रेकर्डिङमा र भिडियो निर्माणमा ५२ करोड ५ लाख बढी लगानी हुने आँकलन रहेकोमा त्यसको आम्दानी भने एकदमै न्यून रहेको उल्लेख गर्नु भएको छ । गीत रेकर्डिङमा अत्याधुनिक प्रविधिको प्रयोग, सङ्ख्यात्मक रूपमा धेरै गीत रेकर्ड भए पनि गुणात्मकतामा ह्रास, उपभोगतावादी संस्कृतिको विकास, रोयल्टी सङ्कलन र वितरणमा समस्या, पाइरेसीको विकृति, सिर्जनशीलता र नयाँ पनको अभाव, तालिम र प्रशिक्षण छोडेर ट्रेन्डिङको पछि कुद्ने प्रवृत्ति हावी रहेको औंल्याउनु भएको छ ।

त्यसै गरी सङ्गीत क्षेत्रमा लैङ्गिक असमानता र विभेदसमेत रहेको उहाँले कार्यपत्रमा उल्लेख गर्नु भएको छ । उहाँले सङ्गीत उद्योगको रूपमा स्थापना हुन नसक्नुमा राज्यको प्रोत्साहन, संरक्षण र उचित व्यवस्थापनको अभाव पनि उत्तिकै जिम्मेवार रहेको ठहर्याउनु भएको छ । यी तमातखाले समस्या र चुनौतिलाई समाधान गरी नेपाली गीतसङ्गीतलाई सही दिशा निर्दिष्ट गर्न सर्वाधिकार सम्पन्न सङ्गीत बोर्डको स्थापना गर्न उहाँले सरकारको ध्यानाकर्षण समेत गर्नुभयो ।

कार्यक्रमका प्रमुखअतिथि नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले सटिक अध्ययनअनुसन्धानका साथ कार्यपत्र प्रस्तुत गरेकोमा प्रज्ञा–प्रतिष्ठानका तर्फबाट धन्यवाद् दिनु हुँदै कार्यपत्रले दिशा निर्दिष्ट गरेका विषय अत्यन्त महत्त्वपूर्ण भएकाले विज्ञहरूको समूह बनाई कार्यान्वयन तहमा लैजाने प्रतिबद्दता प्रकट गर्नुभयो ।

विशेष अतिथि संस्कृतिविद् तुलसी दिवस, वरिष्ठ सङ्गीतकार दीपक जङ्गम, वरिष्ठ सङ्गीतकार बुलु मुकारूङ, डा. भक्त राईले विषयगतरूपमा एक उत्कृष्ट कार्यपत्र बनेको टिप्पणी गर्दै छुटफुट विषय थप्नलाई सुझाव समेत दिनु भएको थियो । कार्यक्रममा रोयल्टी सङ्कलन समाजका अध्यक्ष एवं सङ्गीतकार सङ्घका उपाध्यक्ष महेश खड्काले स्वागत मन्तव्य राख्नु भएको थियो भने वरिष्ठ सङ्गीतकार एवं सङ्घका अध्यक्ष प्राज्ञ शान्तिराम राईको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालन सङ्घका महासचिव वरिष्ठ सङ्गीतकार पारस मुकारूङले गर्नु भएको थियो ।

# 'नृत्य विकास बोर्ड' गठन गर्नुपर्नेबारे अन्तर्क्रिया

काठमाडौं । नृत्य क्षेत्रको हकहित एवं सम्मान र सुरक्षा सुनिश्चित गर्नका लागि 'नृत्य विकास बोर्ड' गठन गर्नुपर्ने बारे २०७६ असार २७ गते जमलस्थित सांस्कृतिक संस्थानमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

अन्तर्क्रियामा सहभागी अधिकांशले नृत्य क्षेत्रको सर्वाङ्गिण विकासका लागि नृत्य विकास बोर्ड गठन गर्नुपर्ने बताएका थिए । कार्यक्रममा रमेश मुनिकारले यस प्रकारको बोर्ड गठनको औचित्यताबारे एक अवधारणा पत्र समेत प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रमुखअतिथि नृत्य शिरोमणि भैरवबहादुर थापाले २०१० सालदेखि आफूले भैरव नृत्य दल स्थापना गरी नृत्यनिर्देशन गर्दै आएको अनुभव बाँड्दै नृत्य विकास बोर्डको आवश्यकता रहेको बताउनुभयो । विशिष्ट अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका नृत्य विभागप्रमुख प्राज्ञ नमुना शर्माले नेपालका कतिपय लोकनृत्य लोपोन्मुख अवस्थामा पुगेकाले त्यसको संरक्षण र विकासका लागि प्रज्ञा–प्रतिष्ठान लागिपरेको स्पष्ट पार्नुभयो । उहाँले नृत्य क्षेत्रमा बढिरहेको अस्वस्थ प्रतिष्पर्धा र विकृतिको अन्त्य हुनुपर्ने र आवश्यकताको आधारमा नृत्य विकास बोर्ड गठन गरिनुपर्ने पनि बताउनुभयो । त्यसै गरी सांस्कृतिक संस्थानका महाप्रवन्धक राजेश थापाले नृत्यलाई मनोरञ्जनको रूपमा मात्र बुझ्ने दृष्टिकोणमा परिवर्तन हुँदै आउनु सुखद रहेको बताउनु भएको थियो ।



कार्यक्रममा नृत्य निर्देशकहरू, नृत्य विषयक प्राध्यापक र अन्वेषकहरूले समेत आ–आफ्नो विचार व्यक्त गर्नु भएको थियो । कार्यक्रम डान्स कल्चर आर्ट सेन्टरका अध्यक्ष सविता महर्जनको अध्यक्षता र नृत्य निर्देशक सङ्घकी उपाध्यक्ष भावना कार्कीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# राजनीतिक परिवर्तनमा नेवाः गीत सङ्गीतको महत्त्वपूर्ण भूमिका

काठमाडौँ । नेपालको राजनीतिक परिवर्तनमा नेवाः सङ्गीतको महत्त्वपूर्ण भूमिका रहेको विभिन्न विज्ञहरूले बताएका छन् । उक्त कुरा यही मिति २०७६ साल असार २८ गत शनिबार कीर्तिपुरमा आयोजित 'राजनीतिक परिवर्तनमा नेवाः गीतसङ्गीतको भूमिका' विषयक विचार गोष्ठीमा बताइएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा इन्द्रेणी सांस्कृतिक समाजले आयोजना गरेको उक्त विचार गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्नु हुँदै संस्कृतिकर्मी वदन शर्माले पृथ्वीनारायण शाहदेखि गणतन्त्र नेपाल सम्मको राजनीतिक परिवर्तनमा नेवाः गीत सङ्गीतको भूमिकालाई उजिल्याउनु भएको थियो ।

उहाँले पृथ्वीनारायण शाहको उदयपश्चात् राजतन्त्रात्मक शासन व्यवस्थामा काठमाडौँका रैथाने नेवाः माथि प्रशस्त ज्यादति भएका र त्यसका प्रतिरोधमा जनजागृतिमूलक नेवाः गीतसङ्गीतको परम्परा उद्भव भएको स्मरण गराउनुभयो । उहाँको अनुसार राणा शासन कालमा नेपाल भाषामाथि व्यापक दमन गरिँदा नेवाःहरूले आफ्नो मनको भावना, विद्रोहको स्वर भजनकिर्तनमार्फत् व्यक्त गर्ने गर्थे । नेपाल कम्युनिष्ट पार्टीको संस्थापक निरञ्जन गोविन्द वैद्यको नेतृत्वमा सौगः ख्यालः नाटक मण्डली राणाकालमै बनेको र यसपछिका शासन व्यवस्थामा पनि नेवाः गीतसङ्गीत जनसंस्कृति निर्माणमा सदैव प्रेरणादायक रहँदै आएको उहाँको कार्यपत्रमा उल्लेख छ ।

विचार गोष्ठीका प्रमुखअतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठले यस्ता अनुसन्धानमूलक




कार्यलाई सहयोग गर्न प्रज्ञा–प्रतिष्ठान सदैव तत्पर रहेको बताउनुभयो ।

वरिष्ठ पत्रकार राजेन्द्र महर्जनले कार्यपत्रको शैलीलाई सुधार्नुपर्ने र कस्तो परिवर्तनको आवश्यकताबारे हो, बोल्नुपर्नेमा जोड दिनु भएको थियो । त्यस्तै जनताको साहित्य र साहित्यकारको अध्ययन र प्रचारले राजनीतिक परिवर्तनमा सघाउने र नेवाः गीतसङ्गीत पनि जनताको साहित्यबाट लैस हुनुपर्ने विचार पत्रकार नारायण महर्जनले व्यक्त गर्नु भएको थियो ।

कार्यपत्रमाथि प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, जुजुकाजि रंजितकार, राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष खगेन्द्र राई, कवि राजभाइ जःकमी, शम्भुराम महर्जन, दिलबहादुर महर्जन, प्राज्ञपरिषद् सदस्य नमुना शर्मा, संस्कृतिकर्मी माधव प्रधान, नारायण महर्जन, दिलिप महर्जनले पनि महत्त्वपूर्ण सल्लाह सुझाव दिनु भएको थियो ।

कार्यक्रम इन्द्रेणी सांस्कृति समाज कीर्तिपुरका अध्यक्ष वीरप्रसाद भन्सारीको सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रमको सञ्चालन रेखा भन्सारीले गर्नु भएको थियो ।

## कुलपतिको जन्मदिनको अवसरमा आस्थाको शालिक गीतिअल्बम लोकार्पण




काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति श्री नारायणभक्त श्रेष्ठ (रायन)को नयाँ गीतिअल्बम 'आस्थाको सालिक' उहाँको जन्म दिनको अवसर पारेर लोकार्पण गरियो । २०७६ भाद्र १७ गते उहाँको जन्म दिन अवसर पारेर सार्थक जनसङ्गीत प्रतिष्ठान, पारिजात स्मृति केन्द्र र इन्द्रेणी सांस्कृतिक समूह कीर्तिपुरको संयुक्त आयोजनामा केही कविता र गीत गायनका साथ उक्त अल्बमको लोकार्पण गरिएको थियो । अल्बमलाई युग गायक रामेश श्रेष्ठ, प्रसिद्ध जनवादी गायक जेबी टुहुरे र कुलपति रायनले संयुक्त रूपमा लोकार्पण गर्नु भएको थियो ।

कार्यक्रममा कुलपति रायनले 'ढुङ्गाको शालिक ढाल्दैमा...' बोलको गीत गाउनु भएको थियो । त्यसै गरी युग गायक रामेश श्रेष्ठ, उदय श्रेष्ठ, प्रगति महरा, मधु गुरूङ, केशर कालिकोटे, वीरप्रसाद भन्सारी, गुज्जे मालाकार, रानीशोभा महर्जन, दीपा महर्जन, प्रमिला महर्जन र आकाश थापा लगायतले गीत गाउनु भएको थियो ।

# "चलचित्र पर्फमिङ आर्टको महाकाव्य हो" – उपकुलपति हरिहर शर्मा




नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले चलचित्र विधा पर्फमिङ आर्टको महाकाव्य भएको बताउनु भएको छ । यही मिति २०७६ असोज ४ गते इलाममा आयोजित इलाम साहित्य महोत्सको 'सिनेमाको सन्देश' बहस कार्यक्रममा उहाँ बोल्दै हुनुहुन्थ्यो ।

चलचित्र सुटिङका क्रममा इलाम रहेकोले संयोगवश महोत्सवमा सहभागी हुने अवसर पाएकोमा खुशी प्रकट गर्नु हुँदै उहाँले चलचित्र र रङ्गमञ्चका विषयमा आफ्ना अनुभवहरू बाँड्नु भएको थियो । उहाँसँगको बहस कार्यक्रममा चलचित्र निर्देशक प्रकाश आङ्देम्बे हुनुहुन्थ्यो भने बहसलाई सुरेन्द्र राईले सहजीकरण गर्नु भएको थियो ।

रङ्गमञ्च र चलचित्र विधाका वरिष्ठ चरित्र अभिनेता शर्माले चलचित्र चलचित्र मात्र नभएर प्रदर्शनकारी कलाको महाकाव्य भएको बताउनुभयो, "चलचित्रभित्र कथा छ, सङ्गीत छ, गायन छ, विभिन्न संवादहरू छ, साहित्य छ, विज्ञान छ र त्यहाँ ठूलो जनशक्ति संलग्न छ ।" नेपालमा हिन्दी र अंग्रेजी चलचित्र हावी भएको एक प्रसङ्गमा उहाँले नेपाली दर्शकलाई वास्तविक चलचित्र हेर्न पाउने अवसर दिलाउने काम केवल चलचित्रकर्मीको मात्र नभएर सिङ्गो राज्यव्यवस्थाको भएको बताउनुभयो । २०३४ सालमा 'सिन्दूर' चलचित्रबाट आफूले अभिनय शुरू गरेको स्मरण गर्नु हुँदै यस क्रममा विभिन्न उत्कृष्ट कृतिमा आधारित भएर बनिएका चलचित्रसँग लेखकहरूले व्यापक असन्तुष्टि जाहेर गर्ने गरेको समेत बताउनुभयो । तर आफ्नो मुख्य अभिनय रहेको डा. ध्रुवचन्द्र गौतम लिखित उपन्यास 'कट्टेल सरको चोटपटक'मा आधारित चलचित्र 'वासुदेव'बारे भने कुनै नकारात्मक प्रतिक्रिया नआएको, किनभने पटकथा स्वयं ध्रुवचन्द्र गौतमले लेख्नु भएको अनुभव पनि सुनाउनुभयो ।

कृतिका सबै विषयबस्तु पर्दामा आइदियोस् भन्ने लेखकहरूको चाहना हुने तर चलचित्रमा त्यसो गर्न नसकिने व्यवहारिक सिमाहरू हुने उहाँको स्पष्टोक्ति थियो । दिग्गज व्यक्तित्व शर्मासँग मञ्च शेयर गर्न पाउँदा अत्यन्त खुसी लागेको बताउनु हुँदै युवा निर्देशक आङदेम्बेले पनि भूटानी शरणार्थीमा आधारित चलचित्र 'देश खोज्दै जाँदा'को निर्देशकीय अनुभव र रङ्गमञ्चबारेको अनुभव सुनाउनु भएको थियो ।

## प्राज्ञ प्रेमर्षिलाई भारतमा अटल मिथिला सम्मान



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका पारम्परिक तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख धीरेन्द्र प्रेमर्षि भारतको राजधानी नयाँदिल्लीमा अटल मिथिला सम्मान–२०१९ बाट सम्मानित हुनु भएको छ।

साहित्य, सङ्गीत तथा सञ्चार क्षेत्रका त्रिवेणी व्यक्तित्व प्रेमर्षिले आफ्ना रचनात्मक सक्रियताबाट मिथिलाको गौरव–गरिमा चुलाउने काममा पुर्‍याउनुभएको महत्त्वपूर्ण योगदानको कदर गर्दै उहाँलाई सेप्टेम्बर १७ का दिन भारतका केन्द्रीय रक्षा मन्त्री राजनाथ सिंहको हातबाट सम्मान गरिएको थियो। भारतका पूर्व प्रधानमन्त्री तथा अति लोकप्रिय नेता अटल बिहारी वाजपेयीको संस्मरणमा नयाँदिल्लीस्थित हिन्दपोष्ट मिडियाले दिँदै आएको सो सम्मान यस वर्ष प्राज्ञ प्रेमर्षिका साथै भारतीय सिने जगत्की चर्चित पार्श्वगायिका अलका याग्निक, आज तक टेलिभिजनकी चर्चित समाचारवाचिका अञ्जना ओम काश्यप, गायिका मैथिली ठाकुरलगायतका विशिष्ट हस्तीहरूलाई प्रदान गरिएको थियो ।

# पारिजात सम्मानले प्राज्ञ मञ्जुल सम्मानित



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य मेघराज शर्मा (मञ्जुल) पारिजात स्मृति सम्मानले सम्मानित हुनु भएको छ । उहाँलाई साहित्य सङ्गम मकवानपुर र हेटौंडामा रहेको आदर्श टोल विकास संस्थाले संयुक्त रूपमा पारिजात स्मृति सम्मान-२०७५ बाट सम्मानित गरेको हो । २०६७ साल वैशाख ७ गते साहित्यकार पारिजातको स्मृति दिवसको अवसरमा आयोजना गरिएको साहित्यिक कार्यक्रममा साहित्यकार मञ्जुललाई सम्मानपत्रसहित १० हजार रूपैयाँ प्रदान गरिएको थियो । साहित्यिक आन्दोलन राल्फादेखि हालसम्म नेपाली साहित्यमा पु¥याएको योगदानको कदर गर्दै मञ्जुललाई सम्मान गरिएको आयोजक पक्षले जनाएको छ ।

हेटौंडा-१० बसपार्कमा रहेको पारिजातको प्रतिमा माल्यार्पणसँगै त्यही सम्मान कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा पारिजातका बारेमा सुवास खनालले प्रकाश पारे । यस्तै, आदर्श टोल विकास संस्थाकी अध्यक्ष शान्ता गजुरेलले पुरस्कारबारे प्रकाश पारिन् । सङ्गमका अध्यक्ष निमेष निखिलको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो ।

# प्राज्ञ मञ्जुल पुरस्कृत




काठमाडौँ । 'एनएलजी कलाश्री सिर्जना पुरस्कार–२०७६' पुरस्कारबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य मेघराज शर्मा (मञ्जुल) सम्मानित हुनु भएको छ । नेपाली कला साहित्य डट कम प्रतिष्ठानले आफ्नो वार्षिक पत्रिका 'कलाश्री'मा यस वर्ष प्रकाशित रचनाहरूमध्ये उहाँको 'घर र बाटो' कवितालाई सर्वोत्कृष्ट ठहर गर्दै उहाँलाई सो पुरस्कारले सम्मानित गरेको हो । उक्त प्रतिष्ठानले २५६३ औं बुद्धजयन्तीको अवसर पारेर यही मिति २०७६ जेठ ३० गते बिहीबार राजधानीको कमलपोखरीस्थित रूसी सांस्कृतिक केन्द्रमा 'शान्ति कविता गोष्ठी' आयोजना गरेको थियो । दर्जनबढी कविहरूले कविता वाचन समेत गरेको उक्त गोष्ठीमा प्राज्ञ मञ्जुललाई नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले नगद र प्रमाणपत्रसहित सम्मान गर्नु भएको थियो ।

# प्राज्ञ प्रेमर्षि शुक्ला पुरस्कारबाट पुरस्कृत



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षि शुक्ला साहित्य सङ्गम तनहुँद्वारा स्थापित शुक्ला पुरस्कार– २०७५ बाट पुरस्कृत हुनुभएको छ।
नेपाली साहित्यमा प्रेमर्षिले दिनुभएको योगदानको कदरस्वरूप तनहुंको दुलेगौंडामा २०७५ चैत १६ गते आयोजित एक विशेष समारोहमा उहाँलाई राष्ट्र बैंकका पूर्व गभर्नर एवम् लेखक दीपेन्द्रबहादुर क्षेत्रीले उक्त पुरस्कार हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा शुक्ला विशिष्ट पुरस्कार कवि तथा साहित्यकार डा. रामप्रसाद ज्ञवाली, शुक्ला प्रतिभा पुरस्कार कवि जगन्नाथ पौडेल र सुषमा सिग्देल तथा शुक्ला बाल प्रतिभा पुरस्कार अमृत ढकाललाई प्रदान गरिएको थियो ।



# लोक नाचहरूको संरक्षण आवश्यक : प्राज्ञ प्रेमर्षि

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका पारम्परिक तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले मिथिलाको मौलिक संस्कृतिको रूपमा रहेका लोक नाचहरू लोप हुन लागेको भन्दै यसको संरक्षण सम्वर्द्धन हुनुपर्नेमा जोड दिनु भएको छ । यही २०७६ असोज २३ गते शनिबार सप्तरीको रूपनी गाउँपालिका कार्यालयको बैठक कक्षमा आयोजित लोकनाचका स्थानीय कलाकारहरूसँगको अन्तरक्रिया कार्यक्रममा उहाँ बोल्दै हुनुहुन्थ्यो, "मिथिलाको पहिचानलाई जीवन्त राख्दै आएका कलाकारहरूको वर्तमान अवस्था तथा त्यसको पेशागत प्रवर्द्धन एवम् सुनिश्चितताको विषयमा स्थानीयदेखि सङ्घीय सरकारको ध्यानाकर्षण हुनुपर्छ ।"

पुरूष नै महिला पात्रको भूमिका निर्वहन गर्दै कैयौं रात मञ्चन गरिने लोकनाचमा यूवाहरूको सहभागिता तथा आकर्षण घट्दै गएकोप्रति पनि प्राज्ञ प्रेमर्षिले चिन्ता व्यक्त गनुभयो । लोक नाचहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न उनीहरूको व्यवसायिक सुनिश्चिता हुनुका साथै सम्मानजनक अवस्था श्रृजना हुनुपर्नेमा जोड दिंदै उहाँले भन्नुभयो, "मिथिला क्षेत्रमा मञ्चन गरिने नाचहरूको पारम्परिक लय तथा पौराणिक बाजा एवम् पोशाकहरूमा समेत विशेष ध्यान पुर्‍याउनु आवश्यक छ, यसका साथै उनीहरूलाई प्रोत्साहन गर्न नगरपालिका तथा गाउँपालिकाहरूले आवश्यक योजनासहित बजेट विनियोजन गरिनुपर्दछ ।"

रूपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले लोकनाचहरू मिथिला मधेशको गौरवको रूपमा रहेकोले यसको संरक्षण सम्वर्द्धनमा आफूले पहल गर्ने प्रतिवद्धता व्यक्त गनुभयो । कलाकारहरूको प्रोत्साहनका लागि नाचघर निर्माण, बाद्यवादन तथा पोशाक व्यवस्थाकालागि बोर्ड बैठकमा प्रस्ताव लगेर कार्यान्वयनमा ल्याउने उहाँले बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ सप्तरी एवम् मैथिली साहित्य परिषद्का समेत उपाध्यक्ष रहेका श्यामसुन्दर यादवले मिथिला–मधेशको अनमोल संस्कृतिको रूपमा रहेको लोकनाचहरू बढ्दो आधुनिकताका कारण लोप हुँदै गएको बताउनुभयो । विभिन्न अवसरमा सिमापारिबाट नर्तकी ल्याउने तर स्थानीय कलाकारलाई वेवास्ता गरिने तथा उनीहरूसँग सम्मानजनक व्यवहार समेत नहुनु र युवा पिढीले त्यसको महत्त्व नबुझ्नुले लोक नाचप्रति आकर्षण विस्तारै घट्दै गएको उहाँको धारणा थियो ।

कार्यक्रममा साहित्यकार एवम् चर्चित गायिका रूपा झा, यूवा साहित्यकार विद्यानन्द वेदर्दी, सञ्चारकर्मी मिथिलेश कुमार यादव, नाच कम्पनी दिनेश कुमार यादव, कलाकारहरू रामविलास यादव, रसिलाल यादव, बेचन माझी, बेचन चौधरी लगायतले लोकनाचहरूको अवस्था तथा संरक्षण सम्वर्द्धनबारे आ–आफ्नो धारणा राख्नु भएको थियो ।

# 'ब्रह्माण्ड कविको घर' कोरियन भाषामा अनुदित



प्राज्ञ मेघराज शर्मा (मञ्जुल) को कविताकृति 'ब्रह्माण्ड कविको घर' कोरियन भाषामा अनुदित भएको छ । नेपाल सङ्गीत नाट्य प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् मञ्जुलले एक दशकअघि कोरिया भ्रमणको क्रममा लेख्नु भएको कविताहरूलाई कोरियन कवि ह्योङह्योले कोरियन भाषामा अनुवाद गरेका हुन् । उक्त कृतिलाई यही मिति २०७६ भाद्र ४ गते बुधबार बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा लोकार्पण गरियो । उक्त कृतिलाई वरिष्ठ कवि एवं संस्कृतिविद् तुलसी दिवस, कवि मोमिला जोशी, गीतकार दिनेश अधिकारी र कवि ह्योङह्योले सामूहिक रूपमा लोकार्पण गर्नु भएको थियो ।

कृतिमा मञ्जुलले कोरिया भ्रमणका क्रममा डायरी शैलीमा लेख्नुभएका पाँच दर्जन कविता सङ्ग्रहित छन् ।

# तीजका अवसरमा प्राज्ञ कोइराला सम्मानित




काठमाडौं । तीजसम्बन्धी गीत र लोकगीत गायनमा अत्यन्त लोकप्रिय गायिका नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइराला यस बर्षको तीजको अवसरमा सम्मानित हुनु भएको छ । २०७६ भाद्र ११ गते रमाइलो टेलिभिजनले काठमाडौंमा आयोजना गरेको एक विशेष कार्यक्रममा प्राज्ञ कोइराला र यसै प्रज्ञा–प्रतिष्ठानका प्राज्ञसभा सदस्य प्रजापति पराजुलीलाई संयुक्त प्रमुखअतिथि वरिष्ठ कलाकार भूवन चन्द, बसुन्धरा भूषाल, चैतन्यदेवीले सम्मान गर्नु भएको थियो । रमाइलो टेलिभिजनका कार्यकारी निर्देशक श्रीषा पौडेलले स्वागत मन्तव्य र कार्यक्रमको औचित्य बारे बोल्नु भएको थियो । सम्मान कार्यक्रमपछि विशेष सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

त्यसै गरी प्राज्ञपरिषद् सदस्य कोइरालालाई तीजकै अवसरमा पोखरा सामुदायिक प्रहरी सेवा वैदामले पनि आफ्नो चौंथो सांस्कृतिक महोत्सव आयोजना गर्दै सम्मान गऱ्यो । उक्त ३ दिने उत्सवमा प्रमुखअतिथि युवा तथा खेलकुद मन्त्री जगत् विश्वकर्माले उहाँलाई कदर पत्र प्रदान गर्नु भएको थियो ।

# प्राज्ञ कोइराला दर्जन बढी कार्यक्रममा सहभागी

प्राज्ञ हरिदेवी कोइराला हरितालिका तीजको अवसरमा एक दर्जनबढी कार्यक्रममा प्रमुखअतिथिका रूपमा सहभागी हुनु भयो । २०७६ भाद्र ६ गते श्रीकृष्ण अष्टमीका दिन विभिन्न पोखराका ९ वटा संस्थाहरूको संयुक्त तीज गीत प्रतियोगितालाई प्रमुखअतिथिको रूपमा उद्घाटन गर्नु भएको थियो । सो अवसरमा तीज संस्कृतिमाथि आफ्नो भनाइसमेत राख्नु भएको थियो । उक्त कार्यक्रममा प्रज्ञा–प्रतिष्ठानका प्राज्ञसभा सदस्य प्रजापति पराजुलीको पनि उपस्थिति रहेको थियो ।

यसै गरी २०७६ भाद्र १४ गते बालकल्याण हाइस्कुल कुँडहर १३ को आयोजनामा भएको बृहत् नृत्य र गीत प्रतियोगितामा पनि प्रमुखअतिथिको रूपमा प्राज्ञ कोइरालाले विजयी समूहहरूलाई पुरस्कार वितरण समेत गर्नु भएको थियो । प्रतियोगितामा २१ वटा समूहहरूले सहभागिता जनाएका थिए । वरिष्ठ संस्कृतिकर्मी गोरेबहादुर गुरूङको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रम विद्यालयका प्राचार्य षडानन्द गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो । सोही दिन सङ्गम सहकारी संस्था



लिमिटेडको तीज गीत प्रतियोगितामा पनि प्राज्ञ कोइराला प्रमुखअतिथिको रूपमा सहभागी हुनु भयो । संस्थाका संरक्षक निरज थापाले संस्थाको गतिविधिबारे प्रकाश पार्नुभएको उक्त कार्यक्रममा संस्थाका सदस्यहरूलाई सम्मान गर्ने कार्यक्रम समेत थियो ।

यसै गरी २०७६ भाद्र १६ गते आदर्श सेवा सामाजिक संस्थाको आमन्त्रणमा प्रमुखअतिथिको भूमिकामा उपस्थित भई तीज संस्कृतिको महत्त्वबारे प्रकाश पार्नुभयो । २३ वटा समूहहरूले प्रतियोगीको रूपमा भाग लिएको सो कार्यक्रम पोखरा ११ पुरानो धारामा आयोजना गरिएको थियो । संस्थाको अध्यक्ष जमुना शर्माको अध्यक्षताका भएको उक्त कार्यक्रममा विभिन्न लब्धप्रतिष्ठित व्यक्तिहरूको उपस्थितिले कार्यक्रम गरिमामय बनाएको थियो । सोही दिन जगत् जननी महिला समूहको आयोजनामा पनि प्रमुखअतिथिको भूमिकामा उपस्थित भई आफ्नो भनाइ राख्दै तीज संस्कृति र यस्ता सामाजिक प्रचलनले खेल्ने भूमिकाबारे महत्त्वपूर्ण विचार व्यक्त गर्नु भएको थियो । कार्यक्रम संस्थाकी अध्यक्ष सीता श्रेष्ठको अध्यक्षतामा भएको थियो भने सानु जोशीले स्वागत एवं कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

## बङ्गलादेशमा प्राज्ञ शर्मा सम्मानित

बङ्गलादेशको ढाकामा आयोजित बोटाला थिएटर अन्तर्राष्ट्रिय महोत्सवमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञ निशा शर्मा पोखरेल सम्मानित हुनु भएको छ । रङ्गमञ्च क्षेत्रमा राष्ट्रियसँगै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चा बटुल्दै आउनु भएकी प्राज्ञ शर्माले सन् २०१८ नोभेम्बर १५ देखि २४ सम्म चलेको उक्त अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा नेपालको तर्फबाट सहभागिता जनाउनु भएको थियो । महोत्सवमा उहाँले नोभेम्बर १९ तारिखका दिन '४ : ४८ साइकोसिस' नाटक प्रदर्शन गर्नु भएको थियो । तत्पश्चात् अन्तर्क्रिया कार्यक्रमका साथ उहाँलाई सम्मान गरिएको थियो । इरान, स्पेन, भारत लगायतका मुलुक सहभागी उक्त महोत्सवमा प्राज्ञ शर्माले एलटिएल लाइफ टाइम प्रेसिडेन्ट रामानान्द मजुमदारसँग समेत विशेष भेटघाट गरी नेपाली रङ्गमञ्चको अवस्थाबारे विचार आदानप्रदान गर्नु भएको थियो । त्यसैगरी नेपाली राजदूतावासमा बङ्गलादेशका लागि नेपाली राजदूत महामहिम डा. वंशिधर मिश्र र कार्यवाहक राजदूत धनबहादुर ओलीसँग भेटघाट गरी प्राज्ञ शर्माले आउँदा दिनमा बङ्गलादेशसँग कलाक्षेत्रमा आदानप्रदान गर्नेबारे छलफल गर्नु भएको थियो ।



*महामहिम राजदूत डा. वंशीधर मिश्र लगायत सँग भेटघाट गर्दै प्राज्ञ शर्मा*



*प्राज्ञ शर्मा सम्मान ग्रहण गर्दै*

# वरिष्ठ चरित्र अभिनेत्री सुभद्रा अधिकारीको निधन

काठमाडौं । यही मिति २०७६ साउन ३२ गते शनिबार वरिष्ठ चरित्र अभिनेत्री सुभद्रा अधिकारीको ७२ वर्षको उमेरमा निधन भएको छ ।

नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–प्रतिष्ठानबाट नृत्यविधातर्फ नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा–पुरस्कार–२०७४ द्वारा सम्मनित अधिकारीको रङ्गमञ्चको यात्रा ६ वर्षकी छँदा नेवारी नाटक 'कचिमचा' (काँचो माटो) बाट शुरू भएको थियो । आजीवन कला क्षेत्रमा समर्पित अधिकारीको जन्म २००४ साल भदौ २० मा बुबा बलराम र आमा नुरादेवी कार्कीको कोखबाट काठमाडौंमा भएको थियो । गायनमा पोख्त आमा नुरादेवी र आमालाई सङ्गीत सिकाउन आउने उस्ताद बद्रीबाट सानै उमेरमा अधिकारीले सङ्गीत र नृत्य सिक्ने अवसर पाएकी थिइन् ।

सात वर्षको उमेरमा आमासँग तीर्थाटनको लागि भारत भारत पुग्दा एक स्कुलमा नातिकाजीको गीत 'पहाडमा...' र 'राधा ना बोले...' मा नाचेर एक सय ५० भारू सम्मान पाएकी थिइन् । भनिन्छ, ५–६ महिनाको शिशु अवस्थामै उनले नागिन नृत्य सिकेर परिवारलाई चकित पारेकी थिइन् । आमाको हार्मोनियको तालमा नाच्दै हुर्केकी उनले पाँच वर्षको उमेरमा बुबा गुमाएकी थिइन् । बुबा तत्कालीन डिठ्ठा थिए । त्यसपछि उनको बाल्यकाल मामाघरमा बितेको थियो । संयोगको कुरा मामाघरमा पनि उत्तिकै साङ्गीतिक माहोल



थियो । यसले उनलाई झनै आफ्नो प्रतिभालाई निखार्ने मौका दियो ।

सानैमा सुभद्राको क्षमता हेरेर विजय मल्लले नाटक 'आले आनी'मा अभिनय गराएका थिए । पछि मल्लले नै अर्को नाटक 'कोही किन बर्बाद होस्' मा पनि दोहोऱ्याएका थिए । त्यसपछि महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य 'मुनामदन' लगायत दर्जनौं नाटकमा अभिनय गरेर नेपाली रङ्गमञ्चमा स्थापित भएकी थिइन् ।

२२ वर्षको उमेरमा फिल्ममा अभिनय गर्न थालेकी अधिकारीका थुप्रै फिल्म स्मरणयोग्य छन्, ती मध्ये उनले पहिलोपल्ट अभिनय गरेको फिल्म 'मनको बाँध' त्यसैगरी 'चिनो', 'कन्यादान', 'वासुदेव', 'वसन्ती', 'मुनामदन' लगायत पछिल्लो समयमा 'बाटोमुनिको फूल', 'दशगजा', 'मसान' र 'काठमाडौं' आदि हुन् । यस बाहेक दर्जनौं नाटक, टेलिफिल्म र फिल्ममा अभिनय गरेकी छिन् । तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानमा केही समय जागिर समेत खाएकी अधिकारी २०२८ देखि २०५८ सालसम्म राष्ट्रिय नाचघरमा जागिरे भइन् ।

अभिनय, नृत्यसँगै सुभद्रा केही समय गायनमा समेत सक्रिय थिइन् । छ दशक लामो कलाकारिता गरेकी अधिकारीले भैरवनाथ रिमाल, द्वारिकालाल जोशी, श्रीविक्रम राणा, गणेशरत्न, नवीनकिशोर राई, प्रेमदेव गिरी, राशरण नेपाली, कमला श्रेष्ठ लगायतका सङ्गीतकर्मीसँग नजिक रही काम गरेकी थिइन् । उनको कलाजीवनलाई समेटेर 'कलाकार सुभद्रा अधिकारी जीवनगाथा' प्रकाशित छ ।

२०५५ सालमा 'चिनो' फिल्मबाट चरित्र अभिनेत्रीका लागि नेपाल मोसन पिक्चर्स अवार्ड विजेता अधिकारीलाई चलचित्र विकास वोर्डले २०७३ का लागि दीर्घ साधना सम्मानले सम्मानित समेत गरेको थियो ।

जीवनको पछिल्लो समयमा टोलका क्लब स्थापना, सडक निर्माण, पुनर्निर्माणजस्ता सामाजिक कार्यमा अग्रसर थिइन् । त्यसैले आफ्नो टोलमा 'समाजसेवी सुभद्रा दिदी' नामले समेत चिनिन्थिन् । उनले आफ्ना स्वर्गीय आमा, पति कृष्णप्रसाद अधिकारी र गुरू उस्ताद बद्रीलाई समपर्ण गर्दै २०६८ सालमा सुभद्रा अधिकारी फाउन्डेसन स्थापना गरेकी थिइन् ।

# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी



**नारायणभक्त श्रेष्ठ (रायन)**
कुलपति



**हरिहर शर्मा**
उपकुलपति



**श्यामप्रकाश तमोट**
सदस्यसचिव



**अशोककुमार राई,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, सङ्गीत विभाग



**धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि),**
प्राज्ञपरिषद् सदस्य
संयोजक, शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग



**नमुना शर्मा देवकोटा,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, नृत्य विभाग



**निशा शर्मा पोखरेल,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, रङ्गमञ्च विभाग



**मेघराज शर्मा (मञ्जुल),**
प्राज्ञपरिषद् सदस्य
संयोजक, सङ्गीत विभाग



**हरिदेवी कोइराला,**
प्राज्ञपरिषद् सदस्य
संयोजक, लोक सङ्गीत विभाग


२०७६
# प्राज्ञिक संसार
सङ्गीत-नाट्य बुलेटिन
Academia
Music-Drama Bulletin
www.namuda.org.np

प्रकाशक
**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान**
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं. – ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
Website : www.namuda.org.np

**संरक्षक**
नारायणभक्त श्रेष्ठ (रायन)
हरिहर शर्मा
श्यामप्रकाश तमोट

**सम्पादक मण्डल**
अशोककुमार राई
धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि)
निशा शर्मा पोखरेल
मेघराज शर्मा (मञ्जुल)
हरिदेवी कोइराला

**प्रधान सम्पादक**
नमुना शर्मा देवकोटा

**सम्पादन सहयोगी**
सनमान चेम्जोङ

**तस्बिर**
रत्नहजुर सेन

**साजसज्जा**
धनसेर राई
(अलग इन्फोसिस)